# स्थानीय तहको उपमयर / उपाध् यक्ष महिलाको संघर्ष कथा

— रिता साह

## १) पृष्ठभुमि

राजनीतिक सशक्तिकरण महिला सशक्तिकरणको एक आयाम हुन् । यसले नीति निमार्णको तहमा महिलाहरुको सहभागितालाई सुनिश्चित गर्छन् । राजनीतिक नेतृत्वमा प्रभावशाली र अर्थपुर्ण पहुँच नहुँदासम्म महिलाहरुको मर्यादास्तर सधै दोस्रो दर्जाकै नागरिक सरह रहिरहन्छ । राजनीतिको प्रवेश विन्दु स्थानीय तहलाई मानिन्छ । स्थानीय तहको राजनीतिमा महिला प्रतिनिधित्वको इतिहास हेर्दा पहिलो पटक २०१० साल भदौ १७ मा काठमाण्डौ नगरपालिकाको निर्वाचनमा पहिलो पटक महिलाद्धारा मतदान गरिएको थियो र सोही निर्वाचनमा काठमाण्डौ नगरपालिकाको वडा न.८ बाट साधनादेवी निर्वाचन लडेकी थिइन् । त्यसपछि २०४६ सालको राजनीतिक परिवर्तन पश्चात २०४९ सालमा भएको स्थानीय निर्वाचनमा २०० जना महिला निर्वाचित भएको थियो । त्यस्तै २०५४ सालमा हरेक गाविसमा एकजना महिला सदस्य हुने प्रावधान अनुसार २१ प्रतिशत महिला निर्वाचित भएका थिए । २०६२ सालमा देशमा ठुलो राजनीतिक परिवर्तन आयो । देश संघीय गणतन्त्र र समावेशी लोकतन्त्र व्यवस्थामा प्रवेश गर्यो । परिणामतः २०७२ सालको संविधानको धारा ३८ मा महिलाको हक स्थापित गर्यो, जसअनुसार राज्यको हरेक निकायमा सामानुपातिक प्रतिनिधित्वको सुनिश्चित गर्यो । २०७४ सालको स्थानीय निर्वाचनले गाउँपालिका र नगरपालिकामा एक जना महिला प्रतिनिधित्वको व्यवस्था गरे र वडा तहमा ४ जना वडा सदस्यमा ५० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ । परिणामत: २०७४ सालको स्थानीय निर्वाचनमा ४१ प्रतिशत महिलाको प्रतिनिधित्व भएको थियो भने ९२ प्रतिशत उपमेयर र उपाध्यक्ष महिला निर्वाचित भएका थिए । हालै भएको २०७९ को स्थानीय तहको निर्वाचनमा ४१.२१ प्रतिशत महिला निर्वाचित भएको छ । समग्रमा महिला प्रतिनिधित्वको इतिहास र अवस्था हेर्दा संख्यात्मकरुपमा महिलाको प्रतिनिधित्व बढेको देखिन्छ, यसले राजनीतिकरुपले महिलाहरु सशक्त हुँदै गएको झल्को दिन्छ । तर परिणात्मक प्रतिनिधित्वले महिलाको अर्थपुर्ण सहभागिता हुन सकेको छ कि छैन यसबारे विश्लेषण हुनु जरुरी छ । त्यस्तै स्थानीय तहको मुख्य पद मेयर उपमेयर, अध्यक्ष उपाध्यक्षमध्ये अधिकांश उपपदमा महिला नै निर्वाचित भएको छ र उपमेयर/उपाध्यक्षले न्यायिक समितिको संयोजक लगायकका समितिहरुमा महत्वपुर्ण जिम्मेवारी निर्वाह गनुपर्ने अधिकार पनि रहेको छ । यस्ता जिम्मेवारी निर्वाह गर्दा उहाँहरुले भोगेको चुनौति तथा संघर्ष के कस्ता रहेको छ यो अध्यनन ती विषयमाथि केन्द्रित रहको ेछ । हाम्रो समाज र राजनीतिक दल पितृसत्तात्मक सोच र संरचनामा आधारित रहेकोले महिलालाई सार्वजनिक जीवनमा यस्ता कठिनाईलाई चिर्न निकै संघर्ष गर्नु पर्ने अवस्था छ । ती संघर्ष बारे थोरै

मात्र दस्तावेजीकरण भएको पाइन्छ । यस अध्ययनले ती विषयमा उजागर गरी दस्तावेजीकरण गरिएको छ । साथै राजनैतिक जीवनमा आउनकै लागि महिलाले भोगेको कठिनाई तथा उपलब्धिबारे पनि विश्लेषण गरिएको छ ।

## २) अध्ययनको औचित्य

पहिलो, लैङ्गिक, सामाजिक र आर्थिक सम्बन्ध बुभ्mनको लागि । नेपाली समाजमा विगत केही दशक यता मात्र सार्वजनिक क्षेत्रमा महिलाहरूको सङ्ख्या बढ्दै छ । तर ऐतिहासिक रूपमा सार्वजनिक कार्यभारबाट बञ्चित बनाइएका महिलाले जिम्मेवारीपूर्वक सार्वजनिक नेतृत्व जसरी लिइरहेका छन्, त्यो उदारहणीय मात्र नभएर सम्पूर्ण महिलाको लागि प्रेरणादायी पनि छ । तथापि राजनीतिक एवं विभिन्न सामाजिक क्षेत्रमा राम्रो गरिरहेका महिलाहरूमा दोहोरो भार छ । बाहिरको काम गरिरहँदा घरव्यवहारका सबै काम पनि समहाल्नु पर्ने अवस्था र पनि जस्तो सामाजिक सहयोग र स्वीकार्यताहुनुपथ्र्यो त्यो भइरहेको छैन । त्यस्तो हुनुमा लैङ्गिक सम्बन्धका अनेकौं आयाम, सांस्कृतिक मूल्य मान्यता, एवं आर्थिक परनिर्भरताले धेरै व्यवधान खडा गरेको छ । राष्ट्रिय राजनीतिमा भन्दा स्थानीय जीवनमा यी सबै पक्षहरूको प्रत्यक्ष प्रभाव पर्छ । त्यसैले यस्ता अन्तरसम्बन्धहरूको गतिलो विश्लेषणबेगर महिला प्रतिनीधत्वलाई संस्थागत गर्न र स्थानीय लोकतन्त्रलाई सुदृढ बनाउन सजिलो छैन ।

दोस्रो, महिलाहरूको अर्थपूर्ण समावेशीकरणको सहजता÷असहजता बुभ्mन । विगतका निर्वाचनसम्बन्धीव्यवस्था त्रुटिपूर्ण थियो । प्रत्यक्ष निर्वाचनमार्फत् अधिकाँश तहमा राजनीतिक पि्रतनीधत्वको व्यवस्था थियो । प्रत्यक्षतर्फको निर्वाचन प्रक्रियामा महिलालगायतका सीमान्तकृत समुदायहरूका लागि कुनै विशेष व्यवस्था थिएन । राजनीतिमा पुरुषहरूको बर्चस्व नै कायम थियो । केन्द्रीय संसद्देखि स्थानीय निकायसम्म पुरुषहरूले नै महत्वपूर्ण राजनीति पदहरू ओगटेका थिए । त्यसैले राजनीतिमा महिला पि्रतनीधत्व एक दशक अघिसम्म पनि निकै कम थियो । फेरि २०४६ सालको व्यवस्थापछि चुनाव जित्नका लागि सामाजिक संरचनामा माथिल्लो तहको, शक्तिको हिसाबले राज्यसँग नजिकको सम्बन्ध भएको र आर्थिकरूपले सम्पन्न हुनु महत्वपूर्ण आधार बनिरहेकोले महिलाले प्रत्यक्षतर्फचुनाव जित्न त्यति सजिलो पनि थिएन । २०६४ सालदेखि मात्र राज्यले सकारात्मक विभेद र राजनीतिक पि्रतनीधत्वबारे  आरक्षणको प्रावधान अपनाउन थालेकोले राजनीतिमा महिलाका लागि बाटाहरू खुलेका छन् । अन्यथा राज्यको विद्यमान असमावेशी चरित्र तथा केन्द्रिकृत प्रकृति धेरै नै प्रभावशाली भएकाले महिलाहरूराजनीतिमा पछाडि पर्न गएका छन् । तर स्थानीय चुनाव र समावेशी प्रतिनीधत्वलाई संस्थागत गर्ने प्रक्रियासँग महिलाहरूको सहभागिता बढाउने र प्रनिधित्वलाई समग्रमा जबाफदेही बनाउने सवाल जोडिएको छ । त्यसतर्फ पर्याप्त ध्यान दिन अति आवश्यक छ ।

तेस्रो, पितृसत्तात्मक संरचनासँग जोडिएका जटिलताको विश्लेणको लागि । राजनीतिमा महिला प्र्रितनीधत्व कम हुनुको कारण पितृसत्तात्मक सामाजिक संरचनामा आधारित समाज हो । महिलालाई सार्वजनिक वृतमा सहभागी हुन, अझ भनौं नेतृत्व लिन बञ्चित गर्ने र घरकै काममा सीमित राख्ने चलन व्यापक छ । महिलाहरूखासमा घरेलु कामकै लागि योग्य छन् र बालबालिकाको स्यहार–सुसारमा नै उनीहरू निपूर्ण छन् भन्ने मान्यताले पुरुषप्रधान सोच र संरचनालाई टेवा दिन्छ । परिणाम महिलाहरूलाई सार्वजनिक पदभार लिने कार्यबाट विमुख गर्छ । यसको प्रत्यक्ष प्रभाव श्रमको लैङ्गिक विभाजनमा पर्न जान्छ र अन्ततः महिलाहरू आर्थिक रूपले परनिर्भर हुन्छन् र राजनीतिकलगायत विभिन्न वृत्तमा सार्वजनिक पद पुरुषको लागि मात्र हो भन्ने मान्यताले नै निरन्तरता पाउँछ । अर्थात् स्थानीय तहमा पुरुषप्रधान सोच र पितृसत्तात्मक संरचनालाई परिवर्तन गर्दै महिलाको राजनीतिक सहभागितालाई संस्थागत गर्ने कार्यका थप जटिलताहरू छन् । यस अध्ययनले ती जटिलताहरूलाई केलाउँदै महिला प्र्रितनीधत्वलाई संस्थागत गर्ने आधारहरूको विश्लेषण गर्नेछ । स्थानीय स्तरको राजनीतिलाई वृहत राजनीतिक यात्राको प्रारम्भिक विन्दु मानिन्छ । त्यसैले सार्वजनिक अभिभारा लिएका महिला स्थानीय आयामहरूसँग कसरी सङ्घर्षरत् छन् भन्ने विषय बुभ्mनु जरुरी छ । लोकतन्त्रको यो स्थानीय आयामलाई राम्रोसित बुझिएन भने महिलाको अर्थपूर्ण पहुँच बढाउने उपायहरूबारे वास्तविक ज्ञान हुँदैन । अन्ततः महिला सहभागिता एवं प्र्रितनीधत्व कोरा नारामा मात्र सीमित हुन्छ । यस अध्ययनले त्यस्तो स्थितिलाई चिर्ने कोशिश गर्नेछ । महिलाहरूको प्रत्यक्ष सरोकारको विषयमा स्वयं सहभागी हुने स्थितिको निर्माणले महिलालाई सशक्त बनाउन एवं सार्वजनिक अभिभारा लिन महत्वपूर्ण भूमिका खेल्ने छ । त्यस्तो प्रक्रियालाई संस्थागत गर्नसके लोकतन्त्र सुदृढ हुनेछ । यस अध्ययनले त्यस्तो प्रक्रियालाई योगदान गर्ने विश्वास छ । महिलाबारे अध्ययन अनुसन्धान कमै भएको पाइन्छ । त्यसमा पनि स्थानीय तहमा महिलाको राजनैतिक प्रतिनीधिबारे खासै अध्ययन अनुसन्धान भएको पाइँदैन । बीस वर्षपछि हुनलागेको स्थानीय निर्वाचनले लोकतन्त्र बलियो बनाउन तथा स्थानीय स्रोत साधनमा पहुँचले ठूलो महत्व राख्दछ । त्यसैले मैले यस विषयलाई अध्ययनको विषय बनाएको हुँ ।

## ३) अध्ययनको उदेश्य

अध्ययनका मुख्य उदेश्यहरु निम्नानुसार छन्:

- स्थानीय तहमा निर्वाचित उपमेयर/ उपाध्यक्ष/ महिला सदस्यहरुको राजनीतिमा आउन पारिवारिक, सामाजिक र दलगत तहबाट खेपेको चुनौति तथा संघर्षबारे खोतल्ने ।
- स्थानीय तहको महिला उपमेयर÷ उपाध्यक्ष र महिला सदस्यहरुले कानुनले निर्धारण गरे अनुरुपको भुमिका र जिम्मेवारी गर्न भोगेको चुनौतिहरुको पहिचान गर्ने ।
- स्थानीय तहको ऐन तथा कानुन तथा निर्वाचन प्रक्रियामा रहेका अपुर्णताको पहिचान गरी समावेशी र लैङ्गिक उत्तरदायी बनाउन दल र निर्वाचन आयोगलाई सहयोग गर्ने ।

- स्थानीय तहको महिला उपमेयर÷ उपाध्यक्ष र महिला सदस्यहरुले आफनो कार्यकालमा पाएको सफलतन र  योगदानको पहिचान गर्ने ।
-  यी प्रश्नहरुलाई केन्द्रित गदै उहाँहरुको संघर्ष र योगदानलाई दस्तावेजीकरण गर्नु हो ।

## ४) अध्ययन विधि

यस अध्ययनका लागि प्रदेश नः १ को दुई जिल्लालाई अध्ययनक्षेत्र बनाइएको छ । मोरगं र झापा जिल्लामा अध्ययन केन्द्रित रहेको छ । दुवै जिल्लामा एक एक हप्ताको अध्ययन भ्रमण गरिएको हो । प्रत्येक जिल्लामा एउटा नगरपालिका र एउटा गाउँपालिकाका उपमेयर / उपाध्यक्षको संघर्ष र योगदानबारे खुला र लामो अन्तर्वाता गरिएको  हो । अध्ययनलाई सहभागीतामुलक र समावेशी बनाउनको लागि एक जना महिला सदस्यलाई पनि अन्तावार्ता लिइएको हो । सहभागी छनौट गर्दा स्थानीय सामाजिक विविधतालाई प्राथमिकता दिइएको छ ।

मोरंग जिल्लामा विराटनगर उपमहानगरपालिकाको (२०७४) उपमेयरसँग लामो अन्तरर्वाता लिइएको थियो । त्यस्तै मोरगं जिल्लाकै कटहरी गाउँपालिकाको उपाध्यक्षलाई पनि लामो अन्तरर्वाता लिइएको थियो । कटहरी गाउँपालिकाको दलित महिला सदस्यलाई पनि लामो अन्तवार्ता लिइएको थियो ।

झापा जिल्लाको मेचीनगरपालिको उपमेयरलाई अन्तरवार्ता लिइएको हो । झापा जिल्लाको बाह्रदशी गाउँपालिकाको उपाध्यक्षलाई अन्तवार्ता लिइएको हो । अनुसांधानलाई समावेशी बनाउनको लागि मेचीनगरपालिकाको एक जना महिला सदस्यलाई पनि अन्तवार्तामा समावेश गरिएको हो ।

अध्ययनको पहिलो दुई हप्ता उपलव्ध स्रोत सामाग्रीको विवेचना गरिएको थियो । उपमेयरहरुको काम कतव्र्य अधिकार, नीतिगत व्यवस्थाबारे संविधान, ऐन, कानुन तथा नीतिबारे अध्ययन विश्लेषण गरिएको थिएँ । स्थान विशेषको स्थानीय सामाजिक एंव राजनीतिक आयामलाई बुझ्न अवलोकन गदै अन्तवार्ता गरिएको थिएँ ।

## ५) अध्ययनको सीमा

यो अध्ययन प्रदेश नः १ को दुई वटा जिल्लामा मात्रै गरिएको हो । प्रत्येक जिल्लामा एउटा नगरपालिका र एउटा गाउँपालिकामा तथ्यांक संकलन गरिएको हो । यसले स्थानीय तहको सम्पुर्ण महिलाको प्रतिनिधित्व गर्ने मान्यता राखिएको छ । यो अध्ययन दुई वटा नगरपालिका र दुई वटा गाउँपालिकाको केन्द्रित रहेको छ । २०७४ सालमा प्रतिनिधित्व गर्ने ६ जना स्थानीय तहको महिला जनप्रतिनिधिहरुको लामो अन्तवार्ता लिइएको हो । अन्तवार्तामा खस आर्य, दलित, आदिवासी जनजाति र मधेसी समुदायको महिलाभित्रको विविधता पनि समेटिएको छ । अन्तवार्ताको क्रममा कचनकवल गाउँपालिकाको उपाध्यक्षले समय दिन नसकेकोले अन्तिम समयमा बाह्रदशी गाउँपालिकाको उपाध्यक्षलाई समेटिनुपर्ने अवस्था आएको हो ।

## ६) स्थानीय तहका महिला प्रतिनिधित्वको संवैधानिक तथा कानुनी व्यवस्था

- नेपालको संविधान (२०७२)को धारा ३८ को महिलाको हकको उपधारा ४ अनुसार राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने व्यवस्था छ । त्यस्तै धारा ४२ मा सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, उत्पीडित वा पिछिडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था छ ।
- धारा ८४ संघीय व्यवस्थापिकाको उपधारा २ अनुसार सामानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सुचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुने व्यवस्था रहेको छ । त्यसरी उम्मेदवारी दिंदा भुगोल र प्रादेशिक संतुलनलाई समेत ध्यान दिनु पर्नेछ ।
- त्यसैगरी उपधारा ८ मा संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने भनिएको छ । तर निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले सदस्य निर्वाचित गर्दा आफनो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने व्यवस्था छ ।
- धारा ८६ अनुसार राष्ट्र सभाको गठन र सदस्यहरुको पदावधि सम्बन्धि गरेको व्यवस्था अनुसार उपधारा २ को “क” अनुसार प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्धारा संघीय कानुन बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक एकजना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित ५६ जना हुनुपर्ने व्यवस्था छ । यसै धाराको “ख” बमोजिम नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिला सहित तीन जना हुनुपर्ने प्रावधान उल्लेखित छ ।
- धारा १७६ प्रदेश सभाको गठन को उपधारा ६ अनुसार सामानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछिडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सुचीका आधारमा

प्रतिनिधित्व हुने व्यवस्था संघीय कानुन बमोजिमा हुने र त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने व्यवस्था छ । यसै धाराको उपधारा ९ अनुसार निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलले एक तिहाइ सदस्य महिला निर्वाचित नभएमा त्यसतो राजनीतिक दलले आफनो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्या हुने गरी निर्वाचित गर्नु पर्ने व्यवस्था छ ।

- धारा २२२ गाउँ सभाको गठन को उपधारा २ बमोजिम गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिका सदस्य रहने व्यवस्था छ । त्यसैगरी उपधारा ३ अनुसार गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ ।
- संविधानमा राजनीतिक दल सम्बन्धी व्यवस्था अनुसार धारा २६९ को उपधारा ४ को “ग” अनुसार दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने व्यवस्था छ ।

## ७) स्थानीय तह निर्बाचन ऐन, २०७३

स्थानीय तहको निर्बाचन प्रणाली अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्षको गोप्य मतदान प्रक्रिया द्धारा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित निर्वाचन प्रणाली अपनाइएको छ । गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना महिला सदस्य सहित दुइ जना महिला सदस्य र दुई जना  वडा सदस्यहरुको गोप्य मतदान प्रक्रियाबाट बढी मत ल्याउने दुई दुई जना सदस्य निर्वाचित हुने व्यवस्था छ । यस व्यवस्थाले वडा समितिमा दुई जना महिला वडा सदस्यको प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ, जसमध्ये एक जना दलित सदस्य अनिवार्य प्रनिनिधित्वको व्यवस्था पनि रहेको छ ।

त्यस्तै गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका महिला महिला सदस्य प्रतिनिधित्वको लागि सम्बन्धीत गाउँ सभा वा नगर सभाको सदस्यहरुले गाउँपालिको हकमा आफु मध्येबाट सबभन्दा बढी मत प्राप्त गर्ने चार जना र नगरपालिकाको हकमा पाँच जना निर्वाचित हुने व्यवस्था छ । यसरी प्रतिनिधित्व गर्दा दलित तथा अल्पसंख्य समुदायको प्रतिनिधित्वको लागि सबै भन्दा बढी मत प्राप्त गर्ने गाउँपालिकामा दुई जना र नगरपालिकामा तीन जना सदस्यहरुलाई निर्वाचित गर्ने व्यवस्था छ ।

यस व्यवस्थाले दलित तथा अल्पसंख्यक समुदायलाई स्थानीय राजनीतिमा प्रतिनिधित्व गर्ने आधार खडा गरेको देखिन्छ, यस पहलले साकारात्मक प्रभाव पारेको देखिन्छ ।

त्यस्तै जिल्ला समन्वय समितिका लागि सम्बन्धित जिल्ला सभाका सदस्यले जिल्लाभित्रका गाउँ वा नगर सभाका सदस्यहरुमध्ये एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तीन जना महिला र एक जना दलित वा अल्पसंख्यक समुदायबाट निर्बाचित हुने व्यवस्था छ । समग्रमा हेर्दा स्थानीय तहको कार्यपालिकामा महिला लगायत दलित समुदायको प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । यसले स्थानीय सरकारले समावेशीताको राम्रो अभ्यासको शुरुवात गरेको देखिन्छ ।

दलहरुले उम्मेदवारको मनोनयन पत्र पेश गर्दा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पेश गर्नुपर्ने व्यवस्था छ । तर दलले एक जना मात्र उम्मेदवारी दिएमा यो प्रावधान लागु नहुने व्यवस्था छ ।

त्यस्तै गाउँपालिका वा नगरपालिका वडा समितिमा महिला वडा सदस्यको पदमा मनोनयन पेश गर्दा दलले कम्तिमा एक जना महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । तर दलले एक जना मात्र महिला सदस्य मनोनयन गर्दा यो प्रावधान लागु नहुने व्यवस्था रहेको छ । यस व्यवस्थाले एकातिर दलहरुलाई महिला प्रतिनिधित्वको व्यवस्था गरेको देखिन्छ तर दलहरु गठबन्धन गरेर एउटा मात्र उम्मेदवार उठाएमा यो व्यवस्था बाध्यकारी नहुने जस्ता कानुनी लुपहोल पनि राखिएको छ । यस्तो कानुनी लुपहोलको प्रयोग २०७९ सालको चुनावमा दलहरुले धैरै ठाउँमा गरेको थियो । यसले महिला र दलित महिलाको प्रतिनिधित्व घट्ने छ । तसर्थ यस्तो कानुनी लुपहोल महिला तथा दलित महिलाको प्रतिनिधित्वको बाधक हुने देखिन्छ ।

## ८) गाउँपालिका उपाध्यक्ष/नगरपालिकाको उपप्रमुखको काम, कतव्र्य र अधिकारहरु

- अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।
- न्यायिक समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा तथा अनुगमन सतितिको संयोजक भई कार्य गर्ने ।
- गैर–सरकारी संघ तथा संस्थाका क्रियाकलापको समन्वय गर्ने ।
- उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने ।
- योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने ।
- सभा र कार्यपालिकाद्धारा गठित समितिहरुको काममा सहजीकरण र समन्वय गर्ने ।
- अध्यक्ष वा प्रमुख अनुपस्थित हुने भएमा अध्यक्षँ वा प्रमुनलाई जानकारी गराउने ।
- सभा, कार्यपालिका अध्यक्ष वा प्रमुखले तोकेको अन्य काम गर्ने ।

(स्रोत: स्थानीय सरकार संचालन ऐन, २०७४)

## ९) न्यायिक समिति

स्थानीय तहमा न्यायिक समिति संयोजक हुनु एक महत्वपुर्ण जिम्मेवारी हुन । यो जिम्मेवारी उपाध्यक्ष र उपमेयरले निर्वाह गर्नुपर्ने हुन्छ । स्थानीय तहको उपमेयर र उपाध्यक्ष ९० प्रतिशत भन्दा बढी महिलाहरु रहेको छ । न्यायिक समितिको अधिकार क्षेत्रभित्रको विषयहरुमा विवादको निरुपण गर्न गाउँपालिका र नगरपालिका तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था नेपालको संविधानको धारा २१७ ले गरेको छ । गाउँपालिका र नगरपालिका उप–प्रमुखको संयोजकत्वमा यस्तो न्यायिक समिति गठन हुन्छ, जसमा संयोजकको अतिरिक्त निर्बाचित दुईजना सदस्यहरु पनि रहने व्यवस्था छ । सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको छ भने त्यसको निरुपण मेलमिलापको माध्यमबाट गर्नुपर्ने हुन्छ । त्यस्तै सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको घटनामा पनि विवाद निरुपण गर्नुपर्ने हुन्छ । पतिपत्नी बीचको सम्बन्ध विच्छेद, गाली बेइज्जती, लुटपिट, पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको घटनामा मेलमिलापको माध्यमबाट समाधान गर्नुपर्ने हुन्छ । अरुको आवासमा अनाधिकृत प्रवेश गरेको, अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको, ध्वनि प्रदुषण वा फोहोर मैला फ्याकी छिमेकीलाई असर पुर्याएको, प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म फौजदारी विवादहरु मिलाउने जिम्मेवारी न्यायिक समितिलाई दिइएको छ ।

(स्रोत: स्थानीय सरकार संचालन ऐन, २०७४)

## १०) पार्टीको विधानमा व्यवस्था

नेपाली काँग्रेस संसदीय दलको विधान (संशोधन तथा परिमार्जन सहित),२०७४ को अनुसार संसदीय दलको कार्य समितीमा कम्तिमा पाँच जना महिला रहने गरी दुई खास आर्य, दुई आदीवासी जनजाती,दुई मधेसी, दुई दलित, एक थारु, एक मुस्लिम, एक पिछडिएको क्षेत्रको सदस्य हुने गरी जम्मा एघार जना राख्ने प्रावधान छ । त्यसतै भौगोलिक आधार, समावेशी प्रतिनिधित्व लगायत आवश्यक सन्तुलनलाई समेत ध्यानमा राख्दै कार्यसमितिको एक तिहाई महिला सदस्य हुने सुनिश्चित गरी नेताले मनोनित गरेका पाँच जना प्रतिनिधित्व गर्ने प्रावधान छ ।

नेकपा ऐमालेको विधान अनुसार सबै तहका निर्वाचन कमिटीहरु स्थानीय विशेषता अनुसार समावेशी चरित्रका हुनेछन् र तिनका न्युनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन् । महिला प्रतिनिधित्वको स्वरुप पनि समावेशी चरित्रको हुनुपर्नेछ । न्युनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरुको स्थान खाली रहनेछ । त्यसैगरी सबै तहका पार्टी कमिटिहरुमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था छ । समावेशीताको आधारमा सामान्यतया सम्बन्धित समुदायको पार्टी सदस्य संख्यालाई बढाउने पनि उल्लेख छ ।

जनता समाजवादी पार्टीको अन्तरिम विधान,२०७७ को केन्द्रिय समिति, प्रदेश समिति लगायतका समितिमा महिला तथा सिमान्तकृत महिलाको प्रतिनिधित्वको विषयमा उल्लेख गरेको पाइदैन ।

२०७८ बैशाख १४ गते नेकपा माओवादीको केन्द्रिय कमिटिले पारित गरेको अन्तरिम विधानअनुसार केन्द्रिय समितिदेखि सबै समितिमा ३५ प्रतिशत महिला अनिवार्य गरी तत्काल लागु गर्ने निर्णय गरिएको छ । पार्टीको सबै समितिको पदाधिकारीमा एकजना महिला अनिवार्य गरिएको छ । दलित समुदायबाट केन्द्रिय समितिमा कम्तिमा १५ प्रतिशत, जिल्ला र पालिका कमिटिमा त्यहाँ रहेको जनसंख्याको प्रतिशतमा २ प्रतिशत थपेर अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था छ ।

## महिला उपमेयर /उपाध्यक्षहरुको योगदान र संघर्ष कथा

इन्दिरा कार्की

उपमेयर, विराटनगर महानगरपालिका, मोरंग

### क) पारिवारिक पृष्ठभुमि

इन्दिरा कार्की विराटनगरको लागि एक चर्चित नाम हुन् । उनी एक सशक्त र संघर्षशील नेताको रुपले आफनो परिचय बनाउन सफल भएकी छिन् । उनको जन्म सर्लाही जिल्लाको धनकौलमा भएको थियो । उनले विरगंजको त्रियुद्ध स्कुलबाट शिक्षा आर्जन गरेकी छिन् । उनको विहे सानै उमेरमा भएकोले दश कक्षासम्ममात्रै पढ्न पाईन् । उनको मागी विहे भएको थियो । उनले आफनो विहेको बारे यसरी आफनो अनुभव सुनाइन् 'मेरो दाई विरगंज कलेजमा पढाउनुहुन्थ्यो । मेरो श्रीमान्को साथी पनि विरगंज कलेज पढाउनुहुन्थ्यो । उहाँ मार्फत मेरो विहेको कुरा चलेको थियो । मैले त विहे अघि उहाँको फोटो पनि हेरेकी थिइन । अहिलेको जस्तो बोलचाल हुने देखादेख कहाँ हुनु ?' विहेपछि छिट्टै बच्चा भयो । र, घर व्यवहार पनि हेर्नुपर्ने भएकोले उनी सक्रियरुपले कलेज पढ्न पाइनन् । उनको निरन्तर कलेज गएर पढ्ने धोको पुरा नभए पनि प्राइभेट कलेजबाट प्रमाणपत्र तहसम्मको पढाई पुरा गरिन् । “कलेज गएर धेरै पढ्ने धोको अहिले पनि मनमा रहेको” आफ्नो अनुभव सुनाईन् । उनको घरमा सातजना दाजुभाइको ठुलो र संयुक्त परिवार थियो । उनको एक जना छोरा र एक जना छोरी छन् । दुवै जना उच्च शिक्षा हासिल गरेर जागिरे छन् । छोरी बैकमा कार्यरत छिन भने छोरा नेपाली सेनामा । दुवै छोराछोरीले काठमाण्डौमै घरजम गरेर बसेको छ । हामी कहिलेकाही उनीहरु कहाँ आउजाउ गर्छौं – इन्दिराले सुनाइन् ।

## ख) राजनीतिक यात्रा

उनको कलेज पढ्दादेखि नै राजनीतिमा रुची थियो । त्यतिवेला कलेजको चुनावमा भोट खसाल्न जाने गर्दथिन् । राजनीतिमा रुची भएर नै मैले राजनीतिशास्त्र विषय लिएर पढेंको अनुभव सुनाईन् । उनको माइती र घर दुवै तर्फ राजनीतिक पृष्ठभुमि रहेकोले उनलाई राजनीतिमा आउनको लागि प्रेरणा मिलेको थियो । सबै भन्दा धेरै सहयोग र साथ मेरो श्रीमान्को रहेको उनले बताईन् । हामी सँगै नेपाली काँग्रेस पार्टीसँग आबद्ध थियौं । एकदिन उहाँले भन्नुभयो, 'तिमी राजनीतिमा जाउँ बरु म घर हेर्छु ।' नभन्दै उहाँले घर सम्हाल्नुको साथै चिया विकास निगममा जागिर गर्न थाल्नुभयो । उहाँले मलाई राजनीतिमा ल्याउनको लागि जुन प्रेरणा, साथ र सहयोग दिनुभयो, त्यसबाट म अत्यन्तै संतुष्ट छु, खुशी छु – इन्दिराले भनिन् । उनको राजनीति यात्रा वि.स. २०४६ सालको बहुदलीय व्यवस्थाको लागि भएको आन्दोलनबाट शुरु भएको थियो । २०४६ सालको आन्दोलनमा उनको सक्रिय सहभागीता र योगदान रहेकोले पार्टीले उनलाई क्रियाशिल सदस्यता दिएर वडाको सभापति बनायो । २०५३ सालमा महाधिवेशन प्रतिनीधिकोलागी चुनाव लडेर महासमितिमा पनि निर्वाचित भईन् । त्यसपछि महिला संघको वडा सभापति हुँदै जिल्ला सदस्य, जिल्ला सचिव भएर कामको अनुभव लिदै पार्टीको केन्द्रिय सदस्य भइन् । पार्टीको तल्लो तहदेखि माथिल्लो तहसम्मको महत्वपुर्ण जिम्मेवारी कुशलतापुर्वक निर्वाह गरेकोले नै पार्टीले उनको योगदानको मुल्यांकन गरेर २०७४ सालमा विराटनगर महानगरपालिकाको उपमेयरको टिकट दियो । उनी तल्लो तहमा स्थानीय जनतासँग भिजेर काम गरेको हुनले चुनाव जित्न उनलाई सहज भएको अनुभव सुनाईन् । २०४६

सालदेखिको औपचारिक राजनीतिक यात्रा शुरुवात गरेर विभिन्न आरोह अवरोह खेप्दै ३२ वर्षसम्म उनले पाटीलाई योगदान दिइन्, यो राजनीतिक यात्रा सजिलो थिएन, उनले यस अवघिमा धेरै चुनौति र आरोह अवरोग खेप्नु परेको थियो । चुनावमा पनि टिकट पाए पछि चुनाव जित्नको लागि आर्थिकरुपले बलियो हुनुपर्छ । चुनावमा गाडी भाँडामा लिनु पर्दथ्यो, कार्यकर्तालाई खुवाउने, प्रचार प्रसारको सामग्री बनाउनको लागि लाग्ने खर्चको जोहो उनको श्रीमान्ले नै गरिदिनुभयो । उनको घरको आर्थिक अवस्था सवल नै रहेकोले चुनाब जित्न सहज भयो ।

## ग) उपमेयर हुँदाको चुनौति

देशमा संघीय व्यवस्था पश्चात नेपालको संविधानले कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था गरेको छ, जसले राजनीतिमा र विशेष गरेर स्थानीय तहको राजनीतिमा महिलाहरुलाई आउन बाटो खोलिदिएको तर त्यो बाटोमा ढोका लगाउने काम पनि त्यही राजनीतिक दलहरुबाट नै हुनेगरेको थियो । महिलाहरुको साँचो कामको मुल्यांकन नगर्नु, मेयरको लागि दाबेदारी गरेको सक्षम महिलाहरुलाई पाखा लगाएर उपमेयरको पदमा सिमित पार्नु पनि ठुलो चुनौति हो । यस्तो अभ्यास २०७४ सालको चुनावमा सबै दलहरुले नै गरेको थियो । यो एक प्रकारको महिलामाथि हुने राजनीतिक हिंसा हो, जुन महिला प्रतिनिधित्वको लागि बाधक पनि हो । यस्तो चुनौति आफुहरुले धेरै खेपेको इन्दिराको अनुभव छ ।

उनी मेयर भन्दा धेरै खट्ने र संवेदनशील भएपनि  स्थानीय तहको संरचना र व्यवस्था नयाँ भएकोले उनलाई आफनो काम, कतव्र्य र जिम्मेवारी बुझ्न नै समय लाग्यो । न्यायिक समितिको संयोजक, अनुगमन समितीको संयोजक, बजेट तर्जुमा समितिको संयोजक, राजस्व परामर्श समितीको संयोजक जस्ता महत्वपुर्ण जिम्मेवारीहरु निर्वाह गर्नुपर्ने तर त्यसको बारेमा समयमा जानकारी नहुँदा काम गर्न निकै सकसपुर्ण रहयो । विशेष गरेर न्यायिक समितिको संयोजकलाई कानुनको बारेमा जानकारी पनि राख्नुपर्ने हून्छ तर स्थानीय तहमा कानुनी सहायताको व्यवस्था नहुँदा शुरुमा धेरै चुनौति खेप्नुपर्यो । आफु समान्यरुपले पढेको र कहिले वकालत नपढेकोले कानुनबारे जानकारी थिएन । यस समस्यालाई समाधान गर्नको लागि मोरंग जिल्लाभरीको उपमेयर र उपाध्यक्षहरुको कमिटि बनाएर दुई महिनामा एक पटक बैठक बसाउने काम थाल्नुभयो ।

वैठकमा न्यायधिशहरुलाई बोलाएर सल्लाह सुझाब लिइन्थ्यो । न्यायिक समितिमा धेरै नै संवेदनशील मुद्धाहरु आउने हुनाले कानुनका कुरा बुझ्न एक जना जानकार अनिवार्य चाहिने थियो । कुनै मुद्धा चित बुझ्दो छैन भने अदालतमा जान्थ्यो, आफु कानुन विपरित काम गरेको छ भने आफु पनि जोखिममा परिने भएकोले काम गर्न एकदमै चुनौतिपुर्ण रहेको उनको अनुभव छ । न्यायिक समितिमा बसेर काम गर्न कानुनी सल्लाहकारको व्यवस्था लगभग दुई बर्षपछि मात्रै भएको थियो ।

मेयर उनी भन्दा राजनीतिकरुपले जुनियर भएपनि निर्णय गर्ने ठाउँमा सिनियर हुने गरेकोले निर्णय उनैको चल्थ्यो ।

विराटनगर नगरपालिकामा मेयर उपमेयर एउटै दलको (नेपाली काँग्रेस) भएपनि वेला वेलामा अधिकार वाँडफाँडमा विभेद हुने गरेको अनुभव यसरी सुनाईन् । पुरुषहरुलाई सजिलो थियो, उनीहरु योजना तर्जुमा गर्ने, बजेट निर्धारण गर्ने, योजना बनाउने कामको लागि बेलुका बस्ने र त्यहीबाट योजनाहरु बनाएर आउने गर्दथ्र्यो । हामीले राखेको योजनाहरु परिवर्तन भएर आउने गर्दथ्र्यो जबकि हामी महिलाहरु यसरी बेलुका बेलुका बाहिर बसेर योजना बनाउने अवस्था थिएन । हामीलाई घर परिवार पनि हेर्नुपर्दथ्यो । यस्तो अवस्थामा रिस उठ्दा टेवल फुटाइदिने र बजेट नपढ्ने सम्मको धम्की दिनुपरेको तितो अनुभव उनको रहयो । कर्मचारी नियुक्तीमा उपमेयरको हस्ताक्षर चाहिदैन थियो । उपमेयर विदामा बसेको वेला  कर्मचारीहरुको नियुक्ती हुन्थ्यो । कर्मचारी नियुक्तिमा प्रशासकीय अधिकृतको हस्ताक्षर चल्थ्यो । मेयर र प्रशासकीय अधिकृत दुवै जना मिलिसकेपछि कसैको केही चल्दैन्थे ।

“एक पटक बुहारीको सुत्केरीको वेला बाहिर गएकी थिएँ । लगभग एक महिनापछि आउँदा २२ जना नयाँ कर्मचारीको नियुक्ती भएको देखेँ । म बाहिर भएको वेला मेयरले एक पटक फोन गरेर सोधेको भएपनि हुन्थ्यो नि ? सोध्दै सोधेन । कोरोनाको बेला महिला भलिवलको बजेट अर्को कार्यक्रममा चलाउँछौ भनेर सोधेको थियो । तर कर्मचारी भर्नाबारे सोध्दै सोधेन । अनि मैले विरोध गरेँ । धेरै झगडा भयो । किन राखेको भन्दा मेरो अधिकार हो भन्यो । कहाँ छ कानुनमा देखाउनुस् भनेँ । त्यो विवादको समाचार पनि बन्यो । यो एउटा उदाहरण मात्रै हो । यस्तो कति भयो कति ? यस्तोमा पनि आफु कति खप्न सक्ने हो, त्यसमा भर पर्छ । मैले यस्तो घटनाहरुमा धेरै नै लडेकी छु । उपमेयरहरुले आफुले पाइसकेको अधिकारको लागि पनि पाइला पाइलामा संघर्ष गर्नुपरेको अवस्था रहयो ।

बजेट तर्जुमा र शिक्षाको क्षेत्रमा उपमेयरको कुनै पनि भुमिका हुँदैन । मलाई  शिक्षा सम्बन्धि समितिमा २ वर्षसम्म राखेन । तर दुई वर्षपछि नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि उपमेयर पनि राख्नुपर्छ भन्नुभयो ।  त्यसपछि त्यस समितिमा पनि काम गर्ने अवसर पाएँ । न्यायिक समितिमा मेयरको कुनै पनि जिम्मेवारी हुँदैन तर दबाब धेरै आउँछ । सानो सानो मुद्दामा केन्द्रदेखि स्थानीयसम्मको नेताहरुले दबाब दिने गर्दछन् । पारिवारीक दबाब पनि पर्दथ्र्यो । मैले सानो सानो मुद्धा आफै मिलाउँथे तर ठुलो मुद्धाहरुमा मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई पनि राखेर उहाँहरुलाई पनि मुद्धाको बारेमा बताउने र त्यसरी नै जाने सहमति गर्दथ्यौँ । अब कानुन बनाउँदा मेयरलाई मात्रै कार्यकारणी दिनु भन्दा मेयर र उपमेयर दुवैलाई संयुक्तरुपमा दिनुपर्ने व्यवस्था हुनुपर्छ । त्यसो नहुँदा उपमेयरको हस्ताक्षर नचलेपछि कर्मचारीहरु पनि टेर्दैनन् । कानुनले अधिकार दिएको खण्डमा झगडा पनि हुँदन र सहमतिमा काम हुनेछ ।

## घ) उपमेयर हुँदाको योगदान

उनी उपमेयर भएपछि सबै भन्दा पहिला छोरी बचाउ अभियान चलाइन् । यो अभियानलाई उपमेयरको योजनामा पारेर बजेट पुस्तिकामा लेख्न लगाईन् । यस अभियान अन्तर्गत विराटनगर महानगरपालिकामा छोरी पाउने सुत्केरी आमाहरुलाई भत्ता दिने, पोषणयुक्त खानेकुरा दिने र आमालाई संरक्षक बनाएर छोरीलाई विमा बनाउने योजना थियो । यसको लागि पालिकाले छोरी जन्मिने बितिकै जन्मदर्ता बनाएर आमालाई संरक्षक बनाएर २५ हजार रुपैयाँ बैंकमा जम्मा गर्ने र छोरी २० वर्ष पुगेपछि मात्र निकाल्न पाउने व्यवस्था गरिएको थियो । यस योजनाले छोरी पाउनको लागि प्रोत्साहन गर्नुको साथै छोरी शिक्षालाई बढावा दिनु थियो । छोरी भुरण हत्यालाई न्युनीकरण गर्नु पनि थियो । यो योजना धेरै नै प्रभावकारी रह्यो । अहिलेको उपमेयरले पनि यस योजनालाई निरन्तरता दिएको देखेर अत्यन्तै खुशी लागेको अनुभव सुनाइन् । यसले केही हदसम्म भए पनि लैगिंक विभेदलाई न्युनीकरण गर्ने मदत पुग्ने उनको विश्वास छ ।

अर्को योजना उनले एकल महिलाहरुलाई केन्द्रित गरेर ल्याईन् । एकल महिलालाई  घरको नक्शा पास गर्ने र जग्गा किन्ने वेलामा लगायतको सेवा सुविधामा १० प्रतिशत छुटको व्यवस्था गर्नुभयो । यस व्यवस्थाले एकल महिलाहरुलाई केही सहजता ल्याएको महसुस गरिन् । उनी उपमेयर भएकै वेला उनकै वडामा ८ वर्षको बच्चालाई छिमेकीले बलात्कार गरेर खोलामा फालेको घटनाबाट उनी निकै ममार्हित भएकी थिइन् । अब यस्तो घटना दोहोरिन नदिनको लागि उनले बालिकाहरुलाई सेल्फ डिफेन्स तालिम कार्यक्रम ल्याईन् । यो कार्यक्रमको उदेश्यबारे उनको तर्क थियो "यसले स्कुल कलेजको किशोरीहरुलाई आत्मबल बढ्छ, उनीहरु निर्धक्क साथ हिड्न सक्छन् । कसैले नराम्रो दृष्टिले हेर्छ र केही गर्छ भने त्यसलाई त्यहींको त्यहीं ढाल्न सक्छु जस्तो आत्मवल बढाउँछ ।" यो कार्यक्रम सफलतापुर्वक गर्न पाउँदा  मलाई एकदमै संतुष्टि मिलेको उनले बताइन् ।

## ङ) महिला तथा सिमान्तकृत महिलाको प्रतिनिधित्व बढाउने पहलहरु

दलहरुले सिमान्तकृत समुदाय र दलित महिला प्रतिनिधित्वको लागि दलहरुले तालीम र अभिमुखीकरण कार्यक्रम गरिरहनुपर्छ । आफनो आफनो दलभित्रै चेतनामुलक कार्यक्रमहरु गर्नुपर्छ । सबै महिलाहरुसँग आफ्नै स्रोत साधन हुँदैन, स्रोत साधन नभएपछि पुरुषहरुको सहारा लिनुपर्छ । कोही अरुको मोटरसाइकलमा बस्नुपर्ने हुन्छ । तर निरन्तर कुनै पुरुषसँग हिडेको देखेपछि हाम्रो समाजमा लान्छना लाग्ने र त्यो कुरा घर सम्म पुग्छ । घरका मानिसहरु बुझ्ने रहेछभने सहयोग हुन्छ नभए कतिपय घरमा पनि समस्या हुन्छ । पहिला महिलाहरुलाई शिक्षा लिनुपर्छ र आत्मवल दरो बनाउनुपर्छ । राजनीतिक दलहरुले महिलाहरुको संवैधानिक र राजनैतिक अधिकारबारे अभिमुखीकरण तालीम पनि दिनुपर्छ । महिलाहरुले पनि हक अधिकारबारे जान्ने प्रयास गर्नुपर्छ ।

अहिले सामाजिक संजाल र इन्टरनेटको पहुँचले महाकालीमा घटेको घटना एकै छिनमा बिराटनगरमा बसी बसी हेर्न सकिन्छ । त्यसैले अब दलित लगायत सिमान्तकृत महिलाहरु आफै पनि चनाखो हुनुपर्छ ।

राजनैतिक दलहरुले महिलाप्रति विश्वास गर्नुपर्छ । समानुपातिक सिटमा आफनै परिवारकोलाई ल्याउनु भन्दा वर्षौंदेखि कामगर्नेलाई पार्टीले अगाडी बढाउनुपर्छ । हामी महिलाहरु पनि एकले अर्कोलाई खुट्टा तान्ने प्रवृति रोक्नुपर्छ । कतिपय ठाउँमा के देखिन्छ भने कुनै महिलाले अवसर पाएन भने अर्को महिलालाई सहयोग नगरेको देखिन्छ । आफु जान नपाएकोमा दुखी हुन्छन र किन अर्को महिला जाने बरु पुरुष नै जावोस् खालको सोच बन्द हुनुपर्छ । सबै महिला एकजुट भएर सबै महिलाको लागी भुमिका खेल्नुपर्छ । पार्टी बहिष्कार गरेर भएपनि सबैको लागि आवाज उठाउने भावना हामी महिलामा पनि हुनुपर्छ ।

पहिलेको तुलनामा पार्टीभित्र बदलाब आएको छ । पहिला पहिला पार्टीले बढीमा महिलाहरुलाई कोषाध्यक्षसम्म बनाउँथ्यो । महिलाको हस्ताक्षर नचल्ने ठाउँमा ल्याउँथे । म तीन पटक महाधिवेशनमा लडेको हुँ तर म हारिरहेको छु । त्यहाँ पनि पार्टीको गुटमा पर्नु पर्ने हुन्छ । म तीन पटक हारेको हारेछु तर मैले हिम्मत हारेको छुइन । अर्को पटक के हुने हो त्यो थाहा छैन । अब आफनै पार्टी र नेताहरुसँग संघर्ष गर्नुपर्छ । त्यसको लागि हामी महिला एक हुनुपर्छ, सबै तहको महिला एकजुट हुनुपर्छ नभए हामीलाई भीड जम्मा पार्ने ठाउँमा मात्रै ल्याउँछन् । महिलाहरु घरको काम सकाएर पनि सार्वजनिक जीवनमा आउँछन् । माथि पुगेको महिलाहरुले सबैको लागि आवाज उठाउनुपर्छ । महिलाहरुलाई घरको सहयोग, नेताहरुले कामको सही मुल्यांकन गर्नुपर्यो । घरैबाट शिक्षामा लगानी, छोराछोरीबिचको विभेदको अन्त्य हुनुपर्छ ।

दलहरुले धेरैजसो ठाउँमा महिलालाई उपमेयर बनाउनु दलहरुको कमजोरी हो । उनीहरुले महिलाहरु मेयरमा सक्दैनन् कि भन्ने मनोविज्ञानले काम गरेको हो की जस्तो लाग्छ । २०७४ सालमा महिला प्रतिनिधित्वको लागि बाध्यकारी व्यवस्थाले धेरै महिलाहरु नेतृत्वमा आए । तर धेरै ठाउँमा उपमेयर र उपाध्यक्षहरुलाई मेयरहरुले थिचोमिचो गरेरै राखेको थियो । उपमेयरहरुलाई नगन्ने जस्ता समाचारहरु पनि प्रशस्तै आयो । कार्यकारणी पद मेयरको मात्रै भएपछि उपमेयरहरुलाई कसैले पनि नटेर्ने जस्तो गुनासो सुनिन्थ्यो । यसको लागि सबै महिलाहरु खास गरेर संघ संस्थामा लागेको, सामाजिक अभियन्ता, दलका र कर्मचारी महिलाहरु जबसम्म एक हुँदैनौ तबसम्म यो महिलामाथीको थिचोमिचो चलिरहन्छ । हामी महिलामा एकता र बलियो आत्मविश्वास हुनुपर्ने इन्दिराको बुझाई छ ।

## मन्जीता सरदार
## उपाध्यक्ष, कटहरी गाउँपालिका (मोरगं)

### क) पारिवारिक पृष्ठभुमि

मन्जीता सरदारको जन्म २०४० सालमा मोरंग जिल्लाको दक्षिणी भेगमा पर्ने भोडा गाविसमा भएको हो । उनको १५ बर्षको कलिलै उमेरमा भोडा गाउँमै विहे भयो । उनको बुवा किसान र आमा घर गृहणी थिइन् । परिवारको पेशा खेतीपाती सँगसँगै धानको किनबेच गर्ने ब्यापार पनि थियो । ससुराली पक्षको संयुक्त परिवार थियो । उनको श्रीमान् कृषि विकास बैंकमा लेखापालको जागिर गर्नुहुन्छ । विहाको बेला उनी कक्षा ९मा पढ्दै थिए । बिहे गर्नुअघि उनको घरबाट बिहेपछि पनि पढाउने शर्त राखेको थियो । त्यो शर्त स्वीकार गरेर उनको विहे भएको थियो । उनको शर्त अनुसार उनी बिहेपछि पनि पढाईलाई निरन्तरता दिदै एक वर्ष माइतीमै बसेर एस.एल.सी.पास गरिन् । त्यस पश्चात उनी आइ.ए. पढ्न विराटनगरको कन्या कलेजमा भर्ना भइन् तर उनले सोचे जस्तो उनको पढाइ सहज रहेन । एकातिर बुहारीको भुमिका निर्वाह गर्नुपर्दथ्यो भने अर्कोतिर साइकल चढेर विराटनगरसम्म पढ्न जानुपर्ने सकसपुर्ण अवस्थाले पढाइलाई निरन्तरता दिन सकिनन् । यसबारे उनले आफनो अनुभव यसरी सुनाईन् “विहान चारै बजे उठेर घरको काम सकेर साइकल पेलेर जानु फेरी थाकेर आउनु, घरको काम गर्नु मेरो दैनिकी थियो । म त यति थाक्थँे कि क्याम्पसमा आएर सुत्थैं, परिक्षामा केही पनि लेख्न सकिन । अन्त्यमा म पढ्न सक्दिन लागेर पढाइ छोडिदिएँ।”

विराटनगर टाढा भएर पढाईलाई निरन्तरता दिन नसकेकोमा उनको दाईलाई बहिनी पढाउन धोको पुरा नभएको महसुस गरे । उनले बहिनीलाई पढाउन अर्को जुक्ति निकाले र मन्जितलाई  अनमी पढ्नको लागी घर नजिक जहदा गुठीमा भर्ना गराईदिए । यसपटक उनी कहिले घर र कहिले माइती गर्दै पढाई पुरा गरिन् । पढाई सकेपछि उनी जागिरको लागी प्रयास गरिन् तर जागिर गर्न पनि उनलाई सहज थिएन् । १० देखि ४ बजेसम्म काम जानु पर्ने र घरको काम पनि सम्भाल्नुपर्ने हुँदा उनले जागिर गर्ने सपना त्यागेर खेती किसानी काम गर्ने निधो गरिन् । उनको ससुरा गाउँको जमिन्दार भएकोले जग्गा जमिन धेरै थियो, त्यही जग्गामा खेती किसानी गर्दा सात पुस्तालाई पुग्ने रहेछ भन्दै जागिर नगर्ने निर्णयमा पुगिन् । मंजिता सरदारले पढ्न र जागिर गर्नको लागि अथक

प्रयास गदागदै उनको दोहोरो तेहरो जिम्मेवारीको बोझले उनलाई घरमै सिमित बनाएको जल्दो बल्दो उहाहरण हो यो । महिलाहरुको घरायशी कार्यबोझले उनीहरुको सशक्तिकरण र सार्वजनिक जीवनमा आउन ठूलो चुनौति हुँदोरहेछ । मंजिताले पढाई र जागिरको लागि बच्चा ढिलो पाउने निर्णय लिएकी थिईन् । तर उनको घरको अरु बुहारीहरुको बच्चा पाइसकेकोले उनलाई पनि बच्चा पाउने दबाब आउन थाल्यो । ढिलोसम्म बच्चा नहुँदा उनले बच्चै नपाउने हो कि आशँका उनीमाथि हुन थाल्यो । उनको श्रीमान्लाई अर्को गरिदिने हो कि भन्ने सम्मको गाइगुँइ हुन थालेपछि उनले बच्चा पाउने निर्णय गरिन् र एक छोरीको जन्म दिइन् ।

## ख) राजनीतिक यात्रा

उनी राजनीतिक पृष्ठभुमी भएको घरमा हुर्के बढेकी हुन् । विहे पनि सक्रिय राजनीति गर्ने परिवारमा भयो । माइतीमा दाई र घरमा ससुरा बुवाले राजनीतिमा लाग्नु भएको थियो । उनको ससुरा नेपाली काँग्रेस पार्टीबाट प्रधानपंच, वडा अध्यक्ष हुँदै पार्टीको सभापतिसम्म पुग्नु भएको थियो । विहेपछि उनले पनि ससुरा बुवाको लागि राजनीति चिठी पत्र लेख्ने काम गर्थिन् । ससुरा बुवाले उनलाई चुनाव प्रचार प्रसारमा लैजान्थे । उनी गाउँभरीको महिलाहरुलाई बटुल्दै चुनाबी प्रचारमा होमिन्थे र विस्तारै उनी पनि राजनीतिमा भिज्दै गइन्। उनलाई सक्रिय राजनीतिमा लागेको समय याद छैन तर राजनीतिमा आउनु अघि क्रियाशिल सदस्यता लिएको सम्झना छ उनलाई । उनको ससुरा बुवाको देहान्तपछि घरको राजनीतिक विरासत कस्ले सम्हाल्ने चर्चा चल्यो । उनको श्रीमान् जागिरे र देवरहरुको राजनीतिमा रुची नभएर बाध्य भएर उनी राजनीतिमा होमिन पुगिन्। मंजितालाई राजनीतिमा आउन सहज भएपनि वेलावेलामा उनलाई पारिवारिक अवरोधको सामना गर्नु पर्दथ्र्यो। नेपाली काँग्रेशको नेता महेश आचार्यले उनको परिवारलाई धेरै सहयोग गरेको थियो । उनको श्रीमान्लााई बैंकमा जागिर लगाउने काम पनि उहाँले नै गर्नुभएको थियो तर दोस्रो संविधान सभाको चुनाव ताका उनलाई सहयोग गर्ने वेला उहाँलाई सहयोग नगर्नको लागि मलाई धेरै दबाब आयो । यस घटनामा उनको अनुभव यसरी सुनाईन् । ‘मेरो आमाज्यु महेश आचार्यको विपक्षमा हुनुहुन्थ्यो । उहाँ फोरम लोकतान्त्रिक पार्टीमा जानुभएको थियो । उहाँको दबाब थियो म पनि लोकतान्त्रिकतिर आउँनुपर्छ । तर मैले सबै विरोधको सामना गदै आफनो अडानमा अडिग रहेँ । यसरी अडान लिएकै कारण म बाहिर निस्केको वेला मेरो बच्चाहरुलाई उनीहरुले नहेरिदिने गर्न थालिन । यस्तो विभेदको सिकार हुनुपर्यो ।’  पछी उनले कार्यक्रममा जाँदा बच्चाहरुलाई लिएर नै जान थालिन । कार्यक्रमको बेला कसैको गाडीमा बसाई दिन्थीन र कार्यक्रमा सहभागी हुन्थीन् । यसरी मंजिताले राजनीतिक अवरोध आफनै परिवारबाट खेप्नु पर्यो ।

यसरी विभिन्न आरोह अवरोह खेप्दै राजनीतिमा अगाडी बढीरहिन् । त्यतिवेला महिला संघको अधिवेशन हुने भयो । त्यस अधिवेशनमा कटहरीको युसुफ सेखले मलाई पनि लड्नको लागि प्रस्ताव गर्यो । यसबारे उनले भनिन् “शुरुमा युसुफ शेखको फोन आयो । उहाँले भन्न्ुभयो महिला संघको अधिवेशन हुँदैछ तपाई महिला संघको क्षेत्रिय सभापतिमा आउनुहुन्छ ? मलाई शुरुमा हाँसो पनि लाग्यो, म कहिले कुनै पदमा नबसेको कस्ले मलाई पत्याउँछ ? उहाँले भन्नुभयो तपाई हुन्छ मात्रै भन्नु के कसरी मिलाउने त्यो हामी गर्छौं” । उनले यसबारे आफनो दाई र स्थानीय नेता सम्पतलाल साहसँग सल्लाह गरिन् । अन्त्यमा महेश आचार्र्यसँग सल्लाह गर्दा उहाँले जिल्ला सचिवमा लड्न सुझाब दिनुभयो । यसरी उनी गाउँको राजनीतिबाट एकैपटक महिला संघ मार्फत जिल्लाको राजनीतिमा छलागं लगाईन् । यो अवसर उनको लागि एक सपना जस्तै थियो । अधिवेशनमा उनको प्रतिस्पर्धा उनी सँगै पढेकी सहपाठीसँग भयो । तथापि उनले एक मतले आफनै सहपाठीलाई हराउँदै महिला संघको जिल्ला सचिव बनिन् । उनको लागि यो ठुलो उपलब्धि थियो । यसरी उनी गाउँस्तर देखि जिल्ला र केन्द्रिय स्तरको नेताहरुसँग भिज्दै राजनीतिमा आफनो पहिचान बनाउँदै लगिन् । यसैको उपलब्धि स्वरुप उनलाई २०७४ सालमा कटहरी गाउँपालिकाको उपाध्यक्षको लागि टिकट मिल्यो । उनी चुनाव जितेर ५ वर्ष उपाध्यक्ष भएर स्थानीय तहमा नेतृत्व गरिन् । उनी मधेसको सबैभन्दा पिंधमा पारिएका
दलित समुदायबाट प्रतिनिधित्व गदै राजनीतिक यात्रा निरन्तरता दिइन, मंजिता सरदार मधेश र देशकै लागि उदाहरणीय व्यक्तित्व हुन् ।

## ग) उपमेयर हुँदाको चुनौति

उनको ठुलो डर थियो कि चुनाब त जितियो तर उपाध्यक्षको जिम्मेवारी पुरा गर्न सक्छु कि सक्दिन ? त्यसमा पनि न्यायिक समिति चलाउने अधिकार चुनौतिपुर्ण हुन्छ । ऐन कानुनबारे पनि त्यति जानकारी छैन जस्ता अनेक प्रकारका त्रास मनमा आउने गर्दथ्र्यो । यसबारे उनले आफनो अनुभव यसरी सुनाईन, “उपमेयरहरुलाई न्यायिक समिति चलाउने अधिकार दिइएको छ भन्थे तर यसबारे धेरै जानकारी थिएन् । मलाई भित्रभित्रै मनमा डर लाग्थ्यो । चलाउन सकिन्छ कि सकिदैन सोच्थैं । फेरी आफनै मनलाई बुझाँउदथे । जे पर्ला पर्ला, सकिएन भने यति धेरै साथीहरु पनि त छ नि” । यस्तै डर र त्रासको बिच उनी अगाडी बढी रहिन् ।

कटहरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष एकै पार्टीको भएर उनलाई काम गर्न सहज भयो । शुरु शुरुमा गाडी नहुँदा अध्यक्ष, प्रशासकीय अधिकृत सबै एउटै गाडीमा सँगै कार्यक्रमहरुमा जाने गरेको अनुभव उनको छ । कहिलेकाही मिटिंगमा कतिपय विषयमा असहमति पनि हुने गरेको थियो, त्यसलाई सहजरुपमा लिदै काम गरिन् । स्थानीय तहको जनप्रतिनिधिसँग सहजता रहे पनि उनलाई न्यायिक समितिको क्षेत्राधिकार नै थाहा थिएन । उनले जुनसुकै मुद्दा पनि लिन्थे । यसबारे

कर्मचारीहरुमा पनि अन्यौलता थियो त्यतिवेला नै जागरण नेपालले उनीहरुलाई न्यायिक समितिको तालीम दिइयो । उक्त तालिम पश्चात न्यायिक समितिको क्षेत्राअधिकारबारे थाहा भयो र कुन मुद्दा हेर्ने कुन नहेर्ने त्यसै अनुसार उनले प्रक्रियाहरु थालिन् । मुद्दा दर्ता, म्याद तामेली देखि सबै प्रक्रियामा लग्दै न्यायिक समितिको काम सहजतापुर्वक गरिन् ।

बजेट बनाउँदा पनि बजेट तर्जुमा समितिको संयोजक उपमेयर भएकोले के उनीहरु सल्लाह गरेरै बजेट पनि बनाउथे । वडामा कति बजेट दिने, कति सिलिगं छुट्टयाउने सबै सहमतिमै हुन्थ्यो । बजेट बनाउने वेलामा लैगिंक उत्तरदायी बजेट बनाउनुपर्छ । दलित आदिवासी बालवालिका भनेर छुट्टयाउथ्र्यो तर संघीयता लागु भएपछि अहिले महिला दलित भनेर छुट्टयाएको छैन । तर पनि हामीले हरेक सेक्टरमा माँगको आधारमा, कहाँ कस्तो तालीम दिनुपर्छ कस्तो आवश्यकता छ त्यस आधारमा बजेट विनियोजन गर्दथ्र्यो । जस्तो हामीले वडा भेलामा बजेट बजेट तर्जुमा बस्नु भन्दा अगाडी बडा वडामा योजना छनौट मागको आधारमा गर्दथ्र्यो । कुनै सेक्टरबाट माँग आएको छैन भने पनि त्यस सेक्टरमा अलि अलि बजेट छुट्टयाइदिन्थ्याँै ।

## घ) उपमेयर हुँदाको योगदान

उनले चुनाब जिते पछिको पाँचवर्षको समयमा अहोरात जनताकै लागि खर्चिन । विहानै उठेर खाना पकाएर छोराछोरीलाई खुवाएर वाहिरको काममा लागि जान्थीन् । उनको कार्यक्षेत्र भित्र कसैलाई साह्रो गाह्रो पर्दा सहयोग गर्न कहिलै पछि परिनन् । बाटो घाटो र स्कुल अनुगमनको कामहरु पनि राम्ररी नै निर्वाह गरिन् ।
विशेष गरेर न्यायिक समितको एक घटनामा उनले सहयोग गरेको यसरी सम्झिन्,“एकजना श्रीमान् श्रीमतीको झगडा सम्बन्ध विच्छेदमा पुगिसकेको थियो । उनीहरुलाई मिलाए र अहिले घरजम गरेर राम्रैसँग बसेको छ ।” यसरी टुटन लागेको परिवारलाई जोड्न पाउँदा उनलाई अत्यन्तै खुशी लाग्दछ । यस्तो प्रकारको २–३ वटा मुद्दा मिलाएको अनुभव उनको छ ।

न्यायिक समितिको संयोजक हुँदा धेरै मुद्दाहरु मिलाएपनि कतिपय मुद्दालाई मिलाउन नसक्दा सम्झेर मनमा पिरलो हुन्छ । यस्तै एक घटनाबारे उनी बताउँछिन् “माना चामलको एक मुद्दा न्यायिक समितिमा आएको थियो । शुरुमा महिला पिडित भएर आइन् तर दुवैसँग कुरा गदैजाँदा श्रीमान् नै पिडित रहेको पाइयो । श्रीमान्ले विदेशबाट पैसा पठाउँदा त्यहि पैसाको जग्गा किनेर श्रीमतीले आफनो नाममा लिएर घर बनायो । बुढा विदेशबाट फर्केपछि बुढालाई हेला गर्न थाल्यो र बुढीको अर्केसँग सम्बन्ध रहेको थियो । उनीहरुको अदालतमा सम्बन्ध बिच्छेदको मुद्दा पनि

चलिरहेको थियो र मना चामलको मुद्दा गाउँ पालिकामा पनि चलिरहेको थियो" उक्त घटनालाई व्यक्तिगत र संस्थागत तबरबाट मिलाउन धैरै प्रयास गर्दापनि सफलता मिलेन । अन्त्यमा केटापक्षलाई उनले यसरी सुझाब दिइन्, "आफनो जग्गा बचाउन प्रयास गर्नुहोस् र विदेशबाट केटीको नाममा पैसा पठाएको प्रमाण छ भने तपाईको जग्गा बच्छ नभए बच्दैन । एक हप्ताको समय लिएर उनीहरुले प्रमाण ल्यायो । त्यसपछि  केटीलाई भने अब तपाई माना चामल पाउनु हुन्न भन्दै निर्णय गरेँ । त्यही निर्णय अदालतमा पनि पेश भयो उनको जग्गा बच्यो ।" यो मुद्दा उनको लागि निकै चुनौतिपुर्ण थियो तथापि उनले संविधान र ऐन कानुन आफैले पढेर मुद्दालाई निर्णायक तहसम्म पुर्याईन् । कानुनी सल्लाहकार र स्वकीय सचिव नभए पनि चाहेमा जे पनि गर्न सकिन्छ भन्ने हौसला मिल्यो ।

उनले महिलामैत्री कार्यक्रमहरु धैरै चलाए । तर सोचे जस्तो उपलब्धिहरु भएन । जस्तै २५–३० जनालाई सिलाई कटाईको तालिम दिएको थियो । त्यसमा मध्ये कम्तिमा पनि १० जनाले पनि व्यवसाय गरेर आफ्नो खुट्टामा उभिन सकेको भए गर्व महसुस हुन्थ्यो होला तर त्यो भएन् । ग्रामिणभेगको महिलाहरुले तालीम लिन्छन् तर उनीहरुको आर्थिक अवस्था कमजोर हुन्छन्, मेशीन किन्ने क्षमता हुँदैन र सिकेको कुरा पनि बिर्सिन्छन् । पछि उनले तालीमहरु दिँदा सँगै प्रविधि पनि हस्तान्तरण गरे । बुटिक तालीम दिदा समान नै दिइन् । यसरी उनले आफनो पाँच वर्षको कार्यकालमा सिक्दै सिकाउदै महिला उत्थानाम योगदान दिईन् ।

## ङ) महिला तथा सिमान्तकृत महिलाको प्रतिनिधित्व बढाउने पहलहरु

स्थानीय तहको प्रमुख पद मेयर उपमेयर, अध्यक्ष उपाध्यक्षमा पनि महिलाको सिट तोकिनुपर्छ । जस्तै मोरगं जिल्लामा १७ वटा स्थानीय तह छन् त्यसमा पनि महिला मेयर र अध्यक्षको लागि सिट तोकेको भए महिला आउँथ्यो होला । वडामा पनि वडा अध्यक्षमा पनि महिलाको सिट तोकिनु पर्छ । सात वटा वडा छन्भने कम्तिमा ४ वटामा महिला दिएभने हुन्थ्यो, यो कुरा कानुनमा आउनुपर्छ । महिलाले पनि अवसर पाए सबै ठाउँमा चलाउन सक्छ । राजनीतिक दलले महिला उम्मेदवार बनाउने प्रावधान ल्याउनुपर्ने बताइन् । त्यस्तै संघ र प्रदेशमा पनि हेर्दा प्रत्यक्षबाट एक जना पनि जितेको छैन । दुइ नः क्षेत्रमा एक जना सुजाता कोइरालालाई टिकट दियो र उहाँ पनि हार्नु भयो । त्यसैले प्रत्यक्ष निर्वाचनमा पनि कम्तीमा ३३ प्रतिशत महिला पुर्याउनुपर्छ । क्षेत्र हेरेर प्रदेशमा पनि क मा पुरुष र ख मा महिला दिनुपर्ने निति बनाउँनुपर्छ । अनि मात्रै महिला अगाडी आउँछन्। पार्टीको विधान अनुसार वडा भित्र ३३ प्रतिशत महिला पुर्याउनुपर्ने हुन्छ । वडाभित्र पनि कुन महिला वडामा बस्ने खालको छ, कुन गाउँपालिकामा बस्ने खालको छ, कुन जिल्लामा बस्ने खालको छ त्यसको छनौट गरिनुपर्छ । म

पनि गाउँस्तर बाट आएको हु । दुई पटक क्षेत्रीय प्रतिनिधिमा हारेको हुँ । दलहरुले के सोच्छन् भने यो महिलालाई अगाडी बढायो भने फेरी अगाडीको सिट लिन्छन् । मलाई पनि १४ औ महाधिवेशमा मलाई वडाबाट नै हराइदियो । उनीहरुले के सोच्यो यो फेरी क्षेत्रीय प्रतिनिधिमा आयो भने फेरी उपाध्यक्षको टिकट यसैले लिन्छन् । तर पनि म उपाध्यक्षको उम्मेदवार भएँ । तसर्थ राजनीतिक दलहरुले पनि को महिला कति सक्रिय योगदान दिएको छ , कुन स्तरको छ त्यस अनुसार महिलाहरु समेटेर लग्यो भने महिलाको पहुँच बढ्छ। दलभित्र गुटको राजनीति पनि हुन्छ । आफनै दलभित्र पनि कोही मन परेको छैनभने चुनावमा पनि हराउन लागि पर्छन । स्थानीय तहको चुनावमा पनि मैले देखे । त्यस्तो हुनुहूँदैन । हरेक तहमा ३३ प्रतिशत महिला हुनुपर्छ ।

## दुःखनी देवी पासमान
## दलित महिला सदस्य, कटहरी गाउँपालिका (मोरंग)

### क) पारिवारिक पृष्ठभुमि

दुःखनी देवी पासमानको जन्म मोरंग जिल्लाको कटहरी गाउँमा भएको थियो । उनी पढेलेखेकी छैन । उनको विहे १५ वर्षको उमेरमा भएको थियो । अहिले उनी ४५ वर्ष पुगिन् । सानै उमेरमा बिहे र एउटा छोरो पनि जन्मियो तर २६ महिनामै छोरो बित्यो । त्यसपछि उनलाई कुनै संतान भएन, यो उनको जीवनको दुःखद पक्ष हुन्।उनी मधेसी समुदायको पींधमा पारिएको दलित समुदायबाट प्रतिनिधित्व गर्छिन् । दलित समुदायलाई कहिले पनि नेता नमान्ने चलनलाई उनले चिरेर राजनीतिमा दुई दुई पटक वडा सदस्यमा जित्न सफल भइन् । उनको श्रीमान् चिया नास्ताको सानो पसल गरेर गुजारा

चलाउँछन् । अचेल पसल सँगसँगै सिटी सवारी चलाउँने गर्दछन् । उनीहरुसँग आफनो जग्गा जनिन छैन । त्यसैले पसल, सिटी सवारी र दैनिक ज्यालादारी गर्दै जीवनयापन गर्नुपर्ने वाध्यता रहेको छ ।

## ख) राजनीतिक यात्रा

उनको दाजु धनिकलाल काँग्रेस पार्टीमा आबद्ध हुनुहुन्छ । उहाँ विरामी भएपछि घरको सबैले उनलाई नै राजनीति आउन प्रोत्साहित गर्नुभयो । त्यसपछि उनले परिवारको राजनीतिक आवद्धतालाई निरन्तरता दिन २०७४ सालको स्थानीय तहमा सदस्यको लागि उम्मेदवारी दिइन् । यसरी एक दलित महिला राजनीतिमा आउन वडा तहमा दलित महिला सदस्य प्रतिनिधित्वको वाध्यकारी व्यवस्था पनि हो । यसबारे उनको यस्तो अनुभव थियो “म पढेलेखेको छैन कसरी गर्नु ? सबैले विस्तारै सिक्दै सिक्दै भइहाल्छ भने र सदस्य पदमा उम्मेदवार भएँ । सबै जनाको सहयोगले राजनीतिमा आएँ ।”

उनी २०७४ साल अघि नै क्रियाशिल सदस्य बनेकी थिइन् । उनको घर परिवारले दलितको अधिकारको कुरा हो यसलाई छोड्नु हुँदैन भन्दै उनलाई प्रोप्साहित गरिएको थियो । उनलाई चुनाव जित्न घर परिवार सँगै समाजको पनि साथ र सहयोग थियो । महिला अगाडी बढ्नु पर्ने मान्यताले पनि सबैले उनलाई साथ दिएको बताउँछिन् । सबैको साथ र सहयोगले होला उनलाई चुनावमा खर्च लागेन ।

पहिलो पटक वडा सदस्य जितेर अहोरात खटेर काम गरिन् । परिणामत: २०७९ को चुनावमा पनि जनताले उनैलाई फेरी दलित महिला सदस्यमा चुनेर पठायो । उनी राजनीतिमा आउनु पनि गाउँ समाजमा कसैलाई केही पर्दा सहयोग गर्थिन् । महिला सदस्यमा जितेर आए पनि कही झै झगडा भयो भने, कसैलाई अस्पताल लग्नु पर्यो भने सबैले उनैलाई नै बोलाउँथ्यो । उनी जाने पनि गरेकी छिन् । कहिलेकाही राती १२ बजे जनताको काम परे पनि जाने गरेको उनको अनुभव छ ।

## ग) दलित महिला हुँदाको योगदान

हुन त स्थानीय पालिकाको निति निमार्ण काममा दलित महिला सदस्यको धेरै भुमिका हुँदैन तथापि बजेट बनाउने वेलामा उनलाई पनि सोध्ने गरेको थियो । वडा अध्यक्ष र सदस्यहरु सबै एक अर्को सँग मिल्ने खालको रहेको उनको बुझाई छ । चुनाव जिते पछि धेरै जनासँग भेट्ने अवसर मिल्यो । धेरै कुरा सिक्ने अवसर मिल्यो ।यसमा उनी धेरै खुशी पनि छिन् । संघ संस्थाहरुले तालीम दिएको थियो,त्यसमा पनि सहभागी भइन् । महिला सदस्यहरुको काम कतव्यबारे जानकारी पाईन् । उनकोलागि यी उपलब्धिहरु हुन् ।

उनको काम र लगनशीलताको प्रशंशा गर्छन् । अरु महिलाहरु पनि उनलाई देखेर राजनीतिमा आउन उत्सुक हुन्छन् । उनको श्रीमान्ले पनि उनलाई साथ र सहयोग गर्छन् । श्रीमानको भनाई उद्दृत गर्दै भन्छिन्, "जहाँ बोलाउछ जाउ । खाना बरु म बनाउँछु । कहिले पनि कार्यक्रमहरुमा जानबाट रोक्दैन । बरु जानको लागि प्रोत्साहित गर्नुहुन्छ । घर बाहिर जाँदा शंका पनि गर्दैन् ।" यसरी उनले घर परिवारको साथनै सबैको मन जित्न सफल भएको बताउछिन् ।उनी वडा सदस्य हुँदा एउटा घटनामा उनले यसरी सहयोग गरेको उदाहरण पनि सुनाईन् "एकजना एक्सिडेन्ट हुँदा मैले आफनो गाडीमा राखेर उनलाई अस्पतालसम्म पुर्याएँ र उसको ज्यान बचाए, जुन कुरामा मलाई गर्व महसुस हुन्छ । चन्दा बेहरी लगाएर उपचारमा खर्च जुटाएँ ।

यस्तै अर्को घटनामा पनि उनले सहयोग गरेकी थिईन् । श्रीमान्ले पैसाको कारण आफ्नो श्रीमतिलाई छोडेको थियो । त्यो मानिसलाई बोलाएर पैसा दिएर उनको घर बसाइदिएँ । यस्तो धेरै उदाहरुणीय काम उनले गरेकी रहिछन् । अब बाँकी दिनमा पनि यसरी नै सबैलाई सहयोग गदै आफनो जिम्मेवारी निर्वाह गर्ने सोच राखेकी छीन् ।

## घ) महिला र सिमान्तकृत महिला प्रतिनिधित्वको पहलहरु

वडा सदस्य दलित महिलाहरुलाई सदस्यबाट अगाडी बढ्नको लागि र वडा अध्यक्ष बन्नको लागि कोटा राख्नुपर्छ । उमपेयर र मेयर बन्नको लागि कोटा राख्नुपर्छ । दलित महिला जो धेरै गरिब छन्, उनीहरुलाई अगाडी बढाउनको लागि व्यवस्था हुनुपर्छ । पढ्न नसक्ने दलित बालबालिकाहरुलाई सहयोग हुनुपर्छ । यसको लागि अगामी दिनमा वडामा आवाज उठाउँछु । दलित महिलाको रोजगारी हुनुपर्छ । दलित महिलाको विकासको लागि कोटाको व्यवस्था हुनुपर्छ । राजनीतिमा आउने दलित महिलाहरुलाई तालिम दिनुपर्छ ।

## मिना उप्रेती
## उपमेयर, मेचीनगर नगरपालिका (झापा)

## क) पारिवारिक पृष्ठभुमि

मिना उप्रेती झापा जिल्लाको एक चर्चित नेता हुन् । आजको मिना उप्रेती बन्नुमा उनको लामो राजनीतिक, पारिवारिक संर्घष रहेको छ । उनको जन्म मोरंग जिल्लाको अमरदह वडा नः ४ र हाल

सोनवरसी नगरपालिका पर्छ । उनको पालन पोषण एक वामपन्थी पृष्ठभुमिको राजनीतिक परिवारमा भएको हो । उनी स्नातकोत्तरसम्मको शिक्षा प्राप्त गरेकी छिन् । उनी सानैदेखि प्रगतीशिल विचारधारा बोकेकी र सामाजिक कुरिति हटाउनुपर्ने सोच राख्थिन् । यसको शुरुवात उनले आफैबाट गरिन् । विद्यार्थी राजनीतिमै हुँदा २२ वर्षको उमेरमा झापा निवासी लक्ष्मी उप्रेतीसँग (वि.स.२०५० वैशाख २) उनले स्टेज विवाह गरिन् । त्यतिवेला स्टेज विवाह गर्नु एक प्रगतीशील विवाह मानिन्थ्यो । मंच विवाह राजनीतिक  विचार मिल्नेसँग हुने मान्यता छ । यसको अर्को उदेश्य बोझिलो वैवाहिक परम्परा र दाइजो प्रथा जस्ता कुरिती हटाउनु पनि थियो । उनले 'विवाह एक तरिका अनेक' शिर्षकमा आफैँले पम्पलेट छापेका थिए । पुरोहितहरु नराखिकनै नेताहरु भरत मोहन अधिकारी, लालबाबु पण्डित जस्ता नेताहरुको उपस्थीतिमा उनको विवाह सम्पन्न भएको थियो । परम्परागत विवाहमा हुने कन्यादान, गाईको पुच्छर समात्ने लगायतका सबै परम्पराहरु तोड्दै मण्डप नै नराखिकनै मंचमा भाषण गरेर उनको विवाह भएको थियो । यस्तो प्रकारको विवाहलाई प्रगतिशील विवाह मानिन्छ । यस्तो विवाहमा केटा र केटी पक्षको आर्थिक तथा सामाजिक हैसियत नहेरी विचारको आधारमा गरिन्छ । विवाहपूर्व उनीहरुबिच प्रेम सम्बन्ध थिएन, नत उनीहरु आर्थिकरुपले सम्पन्न नै थिए । उनले आर्थिक सम्पन्नता भन्दा राजनीतिकरुपले सशक्त व्यक्तिसँग विहे गर्ने सोचेर विहे गरेकी थिइन् । लक्ष्मी उप्रेती पनि सशक्त राजनीतिज्ञ हुन् । यसरी विहे गर्ने वेलामा उनको माइती र घर दुवैतिरको साथ र सहयोग रहेको थियो ।

विहेपछि पनि उनले धैरै नै संघर्ष गर्नुपर्यो । कमजोर आर्थिक अवस्थाका कारण आवश्यक सुविधाहरुको अभाव थियो । राती राती टुकी बालेर पढ्नुपर्ने अवस्था थियो ।  सासु ससुरा स्याहार्दै, छोरा छोरी हुर्काउँदै दोहोरो तेहरो कामको बोझ र जिम्मेवारी वहन गर्दै उनी अगाडी बढी रहिन् । राजनीति र जागिर पनि सँगसँगै गर्नुपर्ने वाध्यता थियो । एकातिर राजनीतिलाई निरन्तरता दिनुपर्ने र अर्कोतिर घरको आर्थिक अवस्था कमजोर थियो । स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेपछि उनी सहिद दशरथ चन्द उच्च माविमा संस्थापक शिक्षक भएर अध्यापन गरिन् । त्यस पश्चात त्रिदेव क्याम्पस र चारआली कलेजको अध्यापनले उनलाई राजनीति सँगसँगै एक अध्यापकको रुपमा पनि आफनो पहिचान स्थापित गरायो । उनको श्रीमान्ले पनि कलेज पढाउनु हुन्थ्यो । उनले भनिन् "हामी महिलाहरुको संघर्षको शुरुवात घरबाट शुरु हुँदै समाज, दल र कार्यथलो सम्म नै हुन्छ, मैले पनि अत्यन्त व्यस्त हुँदाहुँदै पनि आफनो कतव्र्यबाट चुकनु हुँदैन, घर सपार्यो भने समाज पनि सप्रिन्छ"। उनी राजनीतिसँगै एक मेधावी विधार्थी पनि हुन् । उनले समाजशास्त्र, शिक्षा र राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी छिन् । यसरी राजनीति र सामाजिक जीवनको सफलताको  श्रेय उनी आफनो श्रीमान्लाई दिन्छीन् ।

## ख) राजनीतिक यात्रा

मिना उप्रेती आठ कक्षामा पढ्दादेखि नै  अनेरास्ववियु राम्रो संगठन हो भन्दै राजनीतिमा लागेकी थिइन् । उनलाई त्यतिवेला राजनीतिको बारेमा राम्रो ज्ञान पनि थिएन ।  दश कक्षा पास गरे पछि, विराटनगरको कन्या क्याम्पसमा अध्ययनरत हुँदै क्याम्पसको प्राक(प्रारम्भिक कमिटी) को अध्यक्ष भएर राजनीतिमा लागेकी थिइन् । त्यतिबेला राजनीति नबुझी नबुझी काम गरेको अनुभव उनले सुनाईन् । प्रारम्भिक कमिटी भनेको अनेरास्ववियुको क्याम्पसभरीको प्रमुख कमिटि थियो । प्रारम्भिक कमिटिको अध्यक्ष भएर काम गरीसकेपछि, उनी  अनेरास्वीयुको जिल्ला कमिटिको सदस्य भईन् । त्यसपछि अखिल नेपाल महिला संघ कमिटीमा आवद्ध हुँदै विहे नहुँदै उनी नगर कमिटिको अध्यक्ष, विराटनगर महानगरपालिकाको सचिव भएर राजनीतिक अनुभव बटुलिसकेकी थिइन् । तर विहे गरेर झापा जाँदा त्यहाँ उनलाई फेरि गाउँ कमिटिबाट राजनीतिक यात्राको शुरुवात गर्नुपरेको थियो । अखिल नेपाल महिला संघको अध्यक्षमा ८ वर्ष, सचिव १० वर्ष, झापाको अनेमासंघको जिल्ला कमिटिको उपाध्यक्ष हुँदै आजसम्मको अवस्थामा पुग्न उनलाई १८ वर्ष लाग्यो । जबकि उनी विहे नहुँदै मोरंग जिल्लामा ठुलो पदमा बसेर काम गरिसकेकी थिईन् । तर उनको त्यस योगदानको कुनै मुल्याँकन भएन र फेरी राजनीतिकको लामो यात्रा तय गर्नुपर्यो । यसलाई उनी आफुमाथि विभेद भएको महसुस गर्छिन् । उनको ठाउँमा कुनै पुरुष भएको भए उनले यस्तो खालको संघर्ष र विभेद खेप्नु पर्देन्थ्यो कि ? मिनाको मनमा प्रश्न उठ्छ । यसक्रममा मेरो राजनैतिक जीवनमा जुन ग्याप भयो त्यसलाई उनी विभेद र अन्यायको ग्याप मान्दछीन् । उनको बुझाईमा महिलाहरुलाई हेर्ने दृष्टिकोण यहाँबाट प्रष्ट हुन्छ । दशौ महाधिवेशन चितवनमा हुँदा ३३ प्रतिशत महिलालाई केन्द्रिय कमिटिमा पुर्याउने प्रावधान आयो त्यसमा झापा जिल्लाबाट तीन जना महिला पर्यो । त्यसवेला उनी केन्द्रिय कमितिमा जाने अवसर प्राप्त गरीन र विगतको आफुले खेपेको अन्यायको क्षतिपूर्ती पाएको महसुस गरिन् ।

पाटीको संगठन सँगसँगै विभिन्न राजनीतिक परिवर्तको आन्दोलनमा पनि उनको संलग्नता रहँदै आएको छ । पहिलो पल्ट उनी वि.स.२०४६ सालको आन्दोलनमा होमिएको थिइन् ।  हालको राष्ट्रपति विद्या भण्डारी (विद्या पाण्डे) नेतृत्वको आन्दोलनमा सहभागी भएर लाठी खानुको साथै गिरफ्तारी पनि दिएकी थिईन् । २०६२÷२०६३ सालको जनआन्दोलनमा उनको सक्रिय र नेतृत्वदायी भुमिका रहेको थियो । त्यस आन्दोलनको क्रममा उनलाई १० दिन सम्म झापाको प्रहरी हिरासतमा पनि बस्नुपरेको थियो । यसरी राजनीति जीवनको आरोह अवरोह पार गदै २०७४ सालको स्थानीय तहको निर्वाचनमा उनले मेचीनगरबाट नेकपा ऐमालेको तर्फबाट उपमेयरको उम्मेदवार बनिन् र विजय भईन् । उनको बुझाईमा महिलाहरुलाई चुनाव जित्न त्यति सजिलो नहुने रहेछ । महिलाहरुलाई राजनीतिमा अगाडी बढ्न परिवारको सहयोग चाहिन्छ । त्यसमा पनि जीवनसाथीको अझ बढी साथको खाँचो हुन्छ । यसबारे उनले आफनो अनुभव यसरी सुनाईन् “व्यक्तिगत हिसाबले हेर्दा म भन्दा बढी मेरो श्रीमानले आर्थिक पाटोमा सहयोग गर्नुहुन्छ । म सहकारी क्षेत्रमा पनि काम गर्छु, त्यसकारण पनि सहज भयो । महिलाहरुलाई घर परिवारले आर्थिक हिसाबले सहयोग गरेन भने चुनाव लड्न सक्दैन । जबसम्म निर्वाचनमा पुरुषको साथ हुँदैन महिलाहरु म लड्छु भने आँट नै गर्न

सक्दैनन् । त्यसकारण महिलाहरुलाई स्वाबलम्बन बनाउनुपर्छ । आय आर्जनको लागि शीपमुलक काममा लगाउनुपर्छ । मैले २०७४मा स्थानीय तहको चुनाव जितेर आइसकेपछि महिलाहरुलाई शिप विकासको तालीम दिने काम गदै आएका छु । त्यसबाट चुनाव लड्न सक्ने पैसा कमाउन नसक्ला तर मानसिकरुपले आत्मविश्वासी हुन्छन् ।

## ग) उपमेयर हुँदाको चुनौति

स्थानीय तहले उपमेयरलाई पनि धैरै नै महत्वपुर्ण अधिकारहरु दिइएको छ, त्यसबारे जानकार हुनुपर्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको जनप्रतिनिधिहरुको काम कतव्र्य अधिकार तोकेको छ । त्यस ऐनले निदिष्ट गरेको अधिकार उपमेयरले प्रयोग गर्नुपर्छ । तथापि वेला वेलामा हस्तक्षेप हुने चुनौति मेचीनगरमा पनि खेपेको तितो अनुभव उपमेयर उप्रेतीको रहेको छ ।

मेचीनगरको प्रमुख र उपप्रमुख पृथक राजनीति पार्टीबाट रहे पनि मिलेरै चलाईन् । उनीहरुबिच पनि कहिलेकाही भित्री संघर्ष पनि भयो तर बाहिरीरुपमा हुने विकास निमार्णको काममा कहिले विवाद गरिनन् । उपमेयर जितेर आएपछि  विकास गर्न पठाएको हो भने मनन गरेर काम गरिन् । उनले भष्टाचार गर्दिन र गर्न पनि दिदैन भने अठोट पनि लिएकी थिइन् । सायद उनको यही अठोटले होला उनी दोस्रो पटक पनि (२०७९) मा फेरी पनि उपमेयरको चुनाव जित्न सफल भइन् । दोस्रो पटक उनको दाबी मेयरमा थियो तर पाटीले उपमेयरमा नै टिकट दिएपछि वाध्य भएर उपमेयरमा चित्त बुझाउनुपर्यो । उनलाई स्थानीय जनताले अत्यधिक मत दिएर उपमेयरमा फेरी पनि जिताईन् । यसरी एक महिलाको लागि दूई पटक चुनाव जित्नु ठुलो चुनौति थियो, ती चुनौतिलाई उनले चिर्न सफल पनि भईन् ।

नीति, कार्यक्रम र बजेट यी तीन वटा कुराबाट नगर संचालन हुन्छ । नीति एकातिर र कार्यक्रम अर्कोतिर भएर हुँदैन र बजेट छैन भने पनि हुँदैन । बजेट तर्जुमा समितिको संयोजक उपमेयर हुन्छ । तर हस्तक्षेप के हुन्छ भने बजेट बनाउने पुरुष नेताहरुको रुची बढी हुन्छ । यसलाई उनले मूख्य चुनौतिको रुपमा खेपेकी थिइन् । त्यस्तै नगरपालिकाको बजेट बनाउने वेला उपप्रमुखले बजेट तर्जुमा समितिको संयोजकको भुमिका निर्वाह गर्नुपर्ने तर बजेटलाई कार्यन्वयन गर्ने वेलामा मेयर हावी हुने गरेको चुनौति रहेको बताईन् ।
अनुगमन समितीको संयोजक, बजेट तर्जुमा समितिको संयोजक, राजस्व परामर्श समितीको संयोजक र न्यायिक समितिको संयोजक जस्तो महत्वपुर्ण जिम्मेवारी उपप्रमुखको हुन्छ । तर अन्तिममा ती सबै योजनाहरुमा हस्ताक्षर मेयरले गर्छन् । मेयरले हस्ताक्षर गरेन भने नगरसभा पनि स्थिगित हुन्छ । प्रमुख कार्यकारी अधिकार मेयरसँग हुन्छ । त्यस्तै वडा तहमा पनि कार्यकारी अधिकार वडा अध्यक्षमा हुन्छ तर यस्ता कार्यकारी र निर्णायक पदमा महिलाहरुको प्रतिनिधित्व

हुँदैन । यसले गर्दा महिला जनप्रतिनिधिहरुले जति नै संवेदनशील भएर काम गरेपनि उनीहरुले चाहे जस्तो विकास निमार्णको काम गर्न मेयर वा वडा अध्यक्षमै निर्भर रहनुपर्ने अवस्थालाई उपमेयर उप्रेतीले एक प्रमुख चुनौति मान्छिन् ।

त्यस्तै नगरमा प्रत्यक्षरुपले कार्यकारी भएर काम गर्ने मेयर उपमेयर नै हुन्छन् । उपमेयरको जिम्मेवारी पनि अनुगमनको छ । त्यहाँ भष्टाचार भएको छ छैन् हेर्नुपर्छ । यसमा कसैलाई चित बुझैको हुन्छ कतिलाई चित बुझेको हूँदैन । न्याय सम्पादनमा कतिपय अवस्थामा दुबैले जित्ने (विनविन)को अवस्था हुन्छ । न्याय समितिमा सम्पादन गदै गर्दा पाँच सयलाई खुशी पार्न सकेपनि केही मानिस जसरी गर्दा पनि बेखुशी भइहाल्छन् । त्यो पाँच जनाले नाकारात्मक प्रचार गरिदिएमा त्यहि नै काफी हुन्छन् । राम्रो कुराको प्रचार प्रसार हुँदैन । त्यस्तो नाकारात्मक प्रचारको सिकार उनले पनि प्रशसस्त भोगेकी छिन् । समग्रमा हेर्दा स्थानीय निकायमा उपमेयरलाई महत्वपुर्ण अधिकार दिइए पनि निर्णायक भुमिकामा मेयरलाई राखिएकोले बजेट बनाउने, कार्यक्रम बनाउने, कर्मचारी भर्ना लगायतको विकास निमार्ण गर्नको लागि मेयरको मुख ताक्ने अवस्था विद्दमान छ । साथै उपमेयरको काम र अधिकारमा पनि दवाब झेल्नु ठुलो चुनौति रहेको छ ।

## घ) उपमेयर हुँदाको योगदान

मेचीनगरको जनताले दोस्रो कार्यकालमा पनि अत्यधिक मतले उपमेयरमा विजय गराएकोमा केही राम्रै काम गरेको छु जस्तो उनलाई लागेको छ । स्थानीय तहको पहिलो कार्यकालको थुप्रै आयोजनाहरु अधुरा छन् । पुनः जितेर आएपछि ती कामहरु पुरा गर्ने अठोट गरेकी उनले भनिन् । पहिलो कार्यकालमा कोरोनाले पनि काम गर्न असहजता ल्याएको उनको बुझाई छ । तथापी महिला सशक्तिकरणमा धेरै काम गरेकी थिइन् ।स्थानीय तहको दुई कार्यकाल १० वर्ष भइसकेपछि, स्थानीय तहको महिला सदस्यहरु पनि सशक्त भइसकेको छ । एउटा गाउँपालिका र नगरपालिकामा ५०औं जना महिलाहरु मेयरमा लड्नको लागि सक्षम भइसकेको छ । जनप्रतिनिधि भन्दा बाहिरका महिलाहरु पनि सशक्त छन् । अब एक कार्यकाल पुरुष मेयर छन् भने अर्को कार्यकाल महिला अनिवार्य हुने व्यवस्था हुनुपर्ने उनको तर्क छ । प्रत्येक राजनीतिक दलले र कानुनमा त्यो व्यवस्था उल्लेख गर्नुपर्छ । वडा अध्यक्षमा पनि महिला अनिवार्य ल्याउनुपर्छ । यस पटक जनप्रनिनिधि छनौट गर्ने वेलामा मेचीनगरमा महिला वडा अध्यक्षको लागि पार्टीभित्र धेरै आवाज उठाए पनि कसैले सुनेनन् । कुनै पनि पार्टीले वडाअध्यक्षमा महिला उम्मेदबार बनाएनन् जसलार्य उनले दुर्भाग्यपूर्ण भन्छिन् ।

दलहरुबीचको गठबन्धनको कारण महिला प्रतिनीधित्व घटेको उनको भनाई छ । कानुनमा भएको प्रमुख उपप्रमुख एक जना महिला भनेको छ । दलहरुले अर्को पाटीसँग सहमतीमा गठबन्धन गरेर

प्रमुख र उपप्रमुख दुबैमा पुरुषलाई नै उठाए । धेरैवटा पालिकामा यस्तो भएको छ । यो किन हुन्छ ? यसले महिलाहरुलाई दिएको अधिकारलाई कुण्ठित गर्यो । यसको लागि आवाज उठाउने कि नउठाउने ? गठबन्धन हुँदा पनि यस प्रावधानलाई संशोधन गर्नुपर्छ । यसको लागि महिला अधिकारवादी, महिलाको लागि कलम चलाउनेहरुले यो विषय गम्भीर भएर उठान गर्नुपर्छ । नभए अबको पाँच वर्षमा फेरी चुनाव आउँछन्, फेरी गठबन्धन हुन्छन् र महिलाको प्रतिनिधित्व अझ घटेर जान्छन् । यस्तो प्रावधानले संघ र प्रदेशमा पनि असर गरेको छ । त्यस्तै कानुनीरुपमा समावेशीको प्रावधान हेर्दा दलित महिलाको प्रतिनिधित्व बढेको छ।तर दलित लगायत आदिवासी, अल्पसंख्यक र सिमान्तकृत समुदाय भनेर किटानी नै गर्नुपर्छ। वडा सदस्यहरुमा दलित महिला लगायत सिमान्तकृत समुदायबाट पनि ल्याउने ब्यवस्था हुनुपर्छ । अहिले दलित महिलाको सिट तोकि दिँदा दलित पुरुषहरु वडा सदस्यमा आउन सकेको छैन । दलित महिलाहरु नभएको ठाउँमा सिट खाली जान्छन् । तसर्थ त्यहाँ पनि दलित महिला वा दलित पुरुष वा अरु सिमान्तकृत समुदाय भनेर छुट्टयाइ दिँदा राम्रो हुन्छ । अहिलेको व्यवस्थाले अरु जातिहरुको उपस्थीति हुँदैन, त्यसलाई सच्याउनुपर्छ ।

निर्वाचनलाई पनि आर्थिक हिसाबले मित्तब्यय बनाउनुपर्छ । नभए यहि अवस्थामा महिलाहरु चुनाव लड्न सक्दैन । निर्वाचन आयोगले जति पनि आचारसंहिता ल्याएको छ ती सबै कागजमै सिमित हुनपुगेको छ । ती कुराहरु कार्यन्वयन हुन सकेको छैन । त्यसलाई सशक्त ढंगले कार्यान्वयन गरिनुपर्छ । निर्वाचन आयोगका पदाधिकारीहरुले चुनावको दुई तीन दिन अगाडी नँै सुरक्षा निकायलाई खटाएर अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । आर्थिक पारदर्शिता कायम गर्नुपर्छ । जब चुनावमा पैसा लाग्दैन भने सबै खालको र गरीब महिलाहरु पनि चुनाव लड्न सक्ने अवस्था हुन्छ ।

स्थानीय तहसँगै संसदीय निर्वाचनमा पनि प्रत्यक्ष र सामानुपातिक महिला प्रतिनिधित्वको किटानी ब्यवस्था गरिनुपर्छ । देशभरी ८–१० जना महिला उठाइदिने काम भएको छ । उनीहरु जित्न सक्दैन भन्ने बुझाई छ । सहानुभुतिको आरक्षणमा माात्रै जानुपर्ने हुन्छ । समानुपातिकबाट आएकोलाई यो दोस्रो दर्जाका प्रतिनीधिकोरुपमा हेर्ने चलन छ । कार्यक्रमहरुमा बोलाउने वेलामा पनि प्रत्यक्षलाई बोलाउने कि समानुपातिकलाई बोलाउनेमा विवाद हुन्छ । प्रत्यक्ष छ भने सामानुपातिकलाई बोलाइदैन । त्यो खालको विभेद छ । पार्टीले सामानुपातिक भनेर सबै महिलालााई समानुपातिकमा हाल्ने ? बजेट बनाउने, निर्णय गर्ने र प्रस्तुत गर्ने लगायतको ठाउँमा विभेद गर्छन् । संघीय निर्वाचनमा प्रत्यक्ष र सामानुपातिकमा महिलाहरुको प्रतिशत छुट्टयाउनुपर्छ । सबै महिला सामानुपातिकबाट ल्याउने र पुरुष सबै प्रत्यक्षबाट आउने जुन अवस्था सिर्जना भएको छ त्को प्रदेश र संघमा पनि यसको अन्त्य हुनुपर्छ ।

संघ र प्रदेशको चुनावमा महिलाहरुलाई कति प्रतिशत प्रत्यक्षमा उम्मेदवार बनाइएको छ ? यो आवाज उठाउने कि नउठाउने ? महिला केवल सामानुपातिकमा मात्रै जाने यस्तो पनि विडम्बना हुन्छ

नेपालमा ? सामानुपातिकमा प्रदेश सरकारहरुले प्रत्यक्ष निर्वाचत सांसद र सामानुपातिक निर्वाचित सांसदहरुको बजेट पनि फरक फरक छुट्टयाउने गरेको छ । सामानुपातिक र प्रत्यक्ष एउटै हो भन्ने अनि बजेट चाँहि विभेद ल्याउने ? प्रमुख पदीय जिम्मेवारीमा कति वर्ष पछि हाम्रा छोरी र नातीनिहरुले पाउँछन् कि पाउँदैनन् ? सबै पुरुषहरुको भाग पुगेपछि मात्रै महिलाले यो जिम्मेवारी पाउने ? आज मैले प्रमुख पदमा दावेदारी गदैगर्दा चुनाव जित्ने र नजित्ने भन्छन् । पाटीले उम्मेदवार उठाउने वेलामा एकजना कोइ महिला उम्मेदवार सक्षम छैन भने अर्को खोजौ तर महिला नै खोज्दा के जान्छ ? के महिलाहरु प्रमुख पदीय जिम्मेवारीमा जानै नसकिने छ र यो देशमा ? म जतिको महिलाहरु आउँदा पनि पुरुषहरुले मलाई मेयरमा टिकट दिएनन् । यसले पीडा हुन्छन् ।

विभिन्न संघ संस्थाहरुलाई बोलाएर छलफल गर्ने अधिकार मसँग छ तर मेयरले बोलाउने र मैले गरेको देखाउने गरिन्छ । म को हो एउटा व्यक्ति हो यो संस्था होइन ? त्यसैले म भन्दा हामीको सोच सबैमा आउनुपर्छ । अधिकाश ९९ प्रतिशत प्रमुख पदीय जिम्मेवारीमा पुगेका पुरुषहरुले म भन्ने चलन छ । यो देशभरीको चलन हो । यो म भन्ने सोचले पनि महिलालाई हेपेको छ । मैले यो काम गरे, मैले बजेट दिए भन्ने । हामी के मेयरका उपमेयर हो ? कि नगरवासीका उपमेयर हो नि ? नगरवासीका जनमत लिएर आएका हो नि उपमेयरहरु ? म प्रवृति जब सम्म हट्दैन महिलाहरु हेपेको महसुस गर्छन् । यो प्रवृति त्यतिवेला हट्छन जतिवेला नेपालमा कार्यकारी पदमा ५० प्रतिशत महिलालाई प्रतिनिधित्व गराउँछ । तर यसको लागि कति वर्ष लाग्छ ? कहिले पुरुषहरुको भागभन्डा पुग्छ ? १० वर्ष वा ५० वर्ष लाग्छ ? जब सम्म पुरुषहरुको भाग भन्डा पुग्दैन महिलाहरु आरक्षणमै बस्नु पर्ने हो ? सधै हामी दोस्रो दर्जाको मात्रै भएर बस्ने हो भन्ने टड्कारो प्रश्न छ । उनीहरुलाई लाग्छ महिलाहरु जान्दैनन् । उनीहरुलाई भने पनि हुन्छ नभने पनि हुन्छ यस्तो मानसिक हिंसा संसदीय फाँटमा अझ बढी छ ।

## रत्ना राजवंशी
## उपाध्यक्ष, बाह्रदशी गाउँपालिका (झापा)

### क) पारिवारिक पृष्ठभुमि

रत्ना राजवंशीको जन्म २०३६ सालमा झापा जिल्लाको दक्षिणी भेगको कचन कवल गाउँपालिकामा भएको थियो । उनी मधेसको आदिवासि समुदायबाट प्रतिनिधित्व गर्छिन । राजवंशी आदिवासी समुदायमा पनि शैक्षिक, आर्थिक र राजनीतिक हिसाबले पछि पारिएका सिमान्तकृत समुदाय हुन । राजवंशी समुदायमा छोरीहरुलाई पढाउने चलन नभएपनि उनको बुवाले सबै छोराछोरीहरुलाई पढाउनु भयो । बुवाले कहिले पनि छोराछोरीमा विभेद गर्नुभएन । उनको बुवा सामान्यरुपले खेती किसानी गरेर आफनो जिविकोपार्जन गर्नुहुन्छ ।
पाँच सन्तान मध्ये रत्ना राजवंशी घरकी जेठी छोरी हुन् । उनी २०५४ सालमा एस.एल.सी पास गरेर मेची कलेजमा आइ ए पढीन । २०५७ सालमा वाह्रदशी गाउँपालिकामा स्वजातिय शिक्षकसँग विहे भयो । उनको  ससुरा बुवा अड्डामा लेखापढी गर्ने शिक्षित परिवार भएकोले रत्नालाई विहेपछि पनि घरमा पनि कुनै विभेद खेप्नु परेन । अहिले उनको २१ वर्षको छोरा र १७ वर्षको छोरी छन् ।

उनी विहे लगतै घर परिवार सम्हाल्नुकासाथै जागिर पनि शुरु गर्नुभयो । उनको शुरुवाती जागिर पाँचसय रुपैयाँ सेवा शुल्क लिएर शिशु कक्षामा पढाउने थियो । यो जागिर उनले थोरै पारिश्रमिक पाए पनि उनलाई सशक्त बन्न मदत मिल्यो । स्कुलको जागिर पश्चात उनको विभिन्न संघ संस्थामा काम गरेको अनुभव पनि बटुलेकी छिन् । २०६८ सालमा उनलाई महिला संजालमा पनि काम गर्ने अवसर मिल्यो । यस अवसरले उनलाइ समाजमा महिलाको मुद्धा बुझ्न मदत मिल्यो ।जागिरको अनुभवसँगै उनले विभिन्न संघ संस्थाहरुको कार्यसमितिमा पनि रहेर नेतृत्वदायी भुमिका निर्वाह गरिन् । जस्तै, गौरी शंकर स्कुलको संचालक समितिमा, डाँगीबारी स्वास्थ्य चौकी संचालक समिति र

कणार्ली साह कोष सहकारी आदीमा । यसरी विभिन्न संघसंस्थाहरुको नेतृत्व लिएर समाजमा आफुलाई स्थापित गर्न सफल भएकी हुन् । २०७४ सालमा उपाध्यक्ष भएर काम गर्ने अवसर पाउनुको श्रेय पनि विभिन्न संस्थाहरुको कामको अनुभवलाई दिन्छिन्, यसमा आफुलाई शौभाग्यशाली ठान्छिन् । शिक्षीका देखि उपाध्यक्षसम्मको यात्रामा उनको श्रीमान् र परिवारको साथ रहेको थियो ।

## ख) राजनीतिक यात्रा

उनी नेपाली काँग्रेसमा आबद्ध छिन् । १८ वर्षको हुँदादेखि नै रुख छापमा भोट हाल्ने गर्दिथ्न् । उनले औपचारिक रुपमा २०७१ सालमा क्रियाशील सदस्य लिएर र २०७२ सालमा जिल्ला आदिवासी जनजाति भातृ संगठनमा २ वर्ष काम गरिन् । २०७४ सालमा उम्मेदवार छनौट गर्ने वेलामा अग्रजहरुले निर्णय गरेर टिकट दिए । उनी पार्टीमा टिकट माग्न गइनन् । राजनीतिमा लाग्यो भने घर परिवार विग्रिन्छ कि भने मनमा डर लागेको थियो । उनका बच्चाहरु सानै थिए । परिवार पनि आफैले हेर्नु परिराखेकोले उनी राजनीतिमा होमिन चाहेका थिइनन् । चुनावमा उनले सहजै टिकट पाए पनि चुनाब जित्न सकसपुर्ण रह्यो । चुनाब वास्तवमै खर्चिलो हुने गरेको उनले यसरी सुनाईन् “चुनावमा लगभग सात आठ लाख जति खर्च भयो । हाम्रो आर्थिक अवस्था कमजोर थियो । हामी सबै कलमजिवी हौ । जसोतसो सानो सानो जागिर गरेर जिविकोपार्जन गर्छौं । बल्ल बल्ल दुःख गरेर एक कठा जमिन जोडेका थियौं,े त्यो पनि वेच्नु पर्यो ।” अहिलेको व्यवस्था अनुसार महिला तथा सिमान्तकृत महिलाको लागि उम्मेदवार बन्न मात्र सहज छन्, चुनाव जित्न ठुलो मुल्य चुकाउनु पर्दो रहेछ जसको उदाहरण रत्ना राजवंशी स्व्यं हुन् ।

## ग) उपमेयर हुँदाको चुनौति

स्थानीय तहमा उपाध्यक्षलाई धैरै वटा क्षेत्राधिकार दिएको छ । राजस्व परामर्श र बजेट संयोजन समितिको संयोजक देखि लिएर सात वटा विषयगत समितिमा काम गर्न अधिकार रहेको छ, जुन एकदमै महत्वपुर्ण जिम्मेवारी हून । यस्तो महत्वपुर्ण जिम्मेवारीमा महिलाहरु नै रहेको छ । तर उनले पदभार संम्भाल्दा कर्मचारीकै अभाव रहेको थियो । गाउँपालिको कामलाई सहज बनाउन कार्यपालिकामा एउटा टिम हुन्थ्यो, त्यो टिममा उपाध्यक्षको काम केवल झगडा मिलाउने मात्र रहेको भन्थ्यो । उनीले धैरै दिन सम्म झगडा नै मिलाएर बसिन् । उपाध्यक्षको क्षेत्राधिकार भित्रको काम पनि त्यही टीमले निर्देश गर्थ्यो । उनीहरुले निर्णय गरेपछि मात्रै कार्यपालिका बैठकमा जानुपर्ने हुन्थ्यो, जबकि कार्यपालिका बैठकमा राजस्व परामर्श र बजेटको तर्जुमाको क्षेत्राधिकार उपाध्यक्षको हो । शूरुमा उनलाई यसबारे थाहा नै थिएन । यसबारे उनको भनाई छ, “शुरु शुरुमा हामी आफै डराएका थियौं, केही अभियोग लाग्छ कि ? हामीबाट केही गलती हुन्छ कि भन्ने डर लाग्थ्यो । एक

दुई वर्ष हामीलाई सिक्न लाग्यो । दुई वर्ष कोभिडले पनि काम गर्न सकेनौ । अन्तिम वर्ष केही गरु भन्दा हाम्रा कार्यकाल नै सकियो ।”

अर्को चुनौति, अध्यक्ष र कर्मचारीले उपाध्यक्षलाई हेर्ने दृष्टिकोण फरक थियो । कार्यपालिका सदस्यहरुको पनि अर्कै दृष्टिले हेर्थे । कुनै कुरा बुझ्न जाँदा र समुदायको लागि काम गर्र्न खोज्दा धेरै नै चुनौतिको सामना गनुपरेको उनले तिता अनुभव गरेकी छीन् । तथापी उनले  कतिपय कार्यक्रम गर्न सफल भयो । उनी आफु महिला जनप्रनिनिधि भएकै कारण यति बढी चुनौति भोग्नु परेको अनुभव सुनाउँछिन् । शुरु शुरुमा नीति नियमहरु बनेको थिएन् । धेरै पछि आयो । कतिपय विषयगत समितिहरु बनिसकेको थियो । दोस्रो वर्ष हामीले अध्यक्ष उपाध्यक्षकै भागमा बजेट राखेनौ । त्यतिखेर आफनो क्षेत्राधिकार पनि ढिलो बुझ्यौ । बजेट समितिको संयोजक हुँदा बजेट नै नराख्दा सबै बजेटहरु वडामै जान्थ्यो । बजेट नहूँदा काम गर्न ग्राहो हुने भयो। किनभने भोट माग्ने वेलामा जनताको घर दैलोमा पुगेका थियौँ । न्यायिक समितिमा दोस्रो वर्ष बजेटको व्यवस्थापन गरिन । पाँच लाख रुपैया बजेट राखिएको थियो । त्यसमा  मेलमिलाप समिति गठन गरिन र धेरै पछि इजलास गठन गर्न सफल भईन् ।

राजवंशी समुदाय सिमान्तकृतभित्र पनि अल्पसंख्यक समुदाय हो । राज्यले समावेशीताको व्यवस्था एकातिर गरेको छ र व्यवहार अर्कोतिर हुने गरेको उनको अनुभव रह्यो, “दलगत हिसाबले हेर्दा मेरो अनुभव, सामाजिक क्षेत्रको पहुँचको आधारमा  टिकट दिइयो र जिते पनि तर दलले हेर्ने दृष्टिकोण फरक पाएँ । जस्तैः २०७४ सालको स्थानीय तहको चुनावमा बाह्रदशी गाउँपालिकामा हामी दुवै जना अध्यक्ष र उपाध्यक्ष राजवंशी समुदायका थियौँ । तर यस पटक पार्टीको केही अगुवाहरुले दुवै जना राजवंशी समुदायबाट हुनुभएन भन्न थाले । टिकट दिएन । जबकि बाह्रदशी राजवंशी समुदायको बाहुल्य भएको ठाउँ हो । यहाँ उनी दुवै जना (अध्यक्ष र उपाध्यक्ष) राजवंशी समुदायबाट जितेर काम गरिसकेको हो ।

फेरी यस पटक अवसर पाएको भए पाटीले पनि राजवंशी समुदायबाट एउटा राम्रो नेता पाउनेथियो । समावेशीताको राम्रो सन्देश पनि जान्थ्यो । जनतामा भिजेर अझ काम गर्ने मौका पाउँथे तर त्यो अवसर दिइएन । पाटीले यस्तो वातावरण निर्माण गर्यो । जातिगत हिसाबले उनको टिकत काटिदियो । जबकि ब्राहदशी जित्ने ठाउँ थियो । यसको उदाहरणको रुपमा हेर्यो भने झापामै धेरै ठाउँमा उपमेयर र उपाध्यक्षहरु दोहोरिए आएको छ । उनीहरु एउटै समुदायको पनि हुन् । तर त्यस्तो ठाउँमा एउटै समुदाय र जातको मापदण्ड लागु भएन । स्थानीय तहको उम्मेदवार चयन गर्ने कुनै पनि कानुनमा यस्तो व्यवस्था छैन तथापि दलहरुले उनलाई जातिगत हिसाबले पछि पारको थियो । यसबारे उनको भनाई छ, ‘लैगिंक समानताको वकालत गर्ने म जस्तो जनप्रतिनिधि महिलाको यस्तो अवस्था हुन्छ भने अरुको के होला ? यस विरुद्ध सबै महिलाले आवाज उठाउनु पर्दछ  र मेरो अनुभव केन्द्र सम्मै पुगोस् भने मेरो चाहना पनि हो ।’ राजवंशी समुदायमा अझै पनि राम्रो कुरा नसुन्ने,  अरुको कुरा

काट्ने चलन व्याप्त छन् । बारादशी गाउँपालिका पिछिडिएको क्षेत्र हो यहाँ पनि सबैले अर्कोको कुरा काट्ने चलन छ । म राजनीतिमा गइसकेपछि छरछिमेकले यो ठुटे नेता भनेर उनलाई गिज्याउँथे । तर उनले  उहाँहरुको कुरालाई वास्ता नगरीकन काम गरीरहे । उनीहरुको लागि एउटा उदाहरण बनिदिने र उनीहरुलाई पनि उकास्ने काम गरे ।

## घ) उपमेयर हुँदाको योगदान

शुरुमा केही गरौ भने भावना हुँदाहूदै धैरै चुनौति रह्यो । जनताको गुनासो सुन्नुपर्छ भन्नै मान्यता उनको थियो । कोभिडको वेलामा जनताको घरदैलोमा उभिदिने काम गरिन्, जसले गर्दा उनीहरुलाई केही हदसम्म सहजता महसुस भयो । तेस्रो वर्ष विपन्न आवासको बजेट विनियोजन गरिन तर त्यो कार्यान्वयन अन्तिम वर्ष मात्रै गर्न सकिन् । विपन्न आवासमा आर्थिक अवस्था कमजोर भएकोलाई आवास बनाइदिने, यसको लागि विभिन्न संस्थाहरुसँग साझेदारी कार्यक्रम पनि थियो । विपन्न परिवारको घरको जग पिलरको बनाइदिने र जस्ता पाताहरु दिने । त्यसको लागि एक करोडको बजेट राखेको थिए । त्यसमा ५० लाख अध्यक्ष र ५० लाख उपाध्यक्षको भागमा थियो । ३५ वटा विपन्न परिवारको घर बनाए । संथाल र मुस्लिम समुदायको महिलाहरुलाई कानुन सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु गरे । न्यायिक समितिमा कस्ता खालका मुद्दाहरुको छिनोफानो हुन्छ, त्यसबारे पनि तालिमहरु गराए । सन्थाल र दलित समुदायलाई सँुगुर वितरणको काम पनि भयो । एकल महिला र जेष्ठ नागरिक जसको फुसको छाना थियो उहाँहरुलाई जस्ता पाता वितरण गरियो । चटपटे पानीपुरी व्यवसाय गर्ने १० जना महिलाहरुलाई अनुदानमा ठेला बाँडियो । त्यो कार्यक्रम एकदमै प्रभावकारी रह्यो । हामीले विकासमा हेर्ने हो भने सुकुम्बासी, एकल महिलाहरुको समस्या, बालबालिका, जेष्ठ नागरिकको समस्याहरु बुझेर तालीम दिएर केही गरी खाने वातावरण बनाइदिनु पर्छ ।
बजेट संयोजन समितिमा महिलालाई राखेको छ तर महिललाई बजेट नै दिदैन, त्यो पनि तोकिनु पर्यो । महिलाको संघ संस्थाहरु आउने र उपाध्यक्षसँग आएर ठोकिन्छ । महिलासँग बजेट नै हुँदैन । तसर्थ अहिले नीति नियम बन्दा पारदर्शितापुर्वक महिलाहरुको निम्ति बजेट आउनुपर्छ ।

## ङ)  महिला र सिमान्तकृत महिला प्रतिनिधित्वको पहलहरु

आदिवासी समुदायबाट क्षमता छ तर जातिगत र पार्टीगतरुपमा पछि पार्यो भने पाटीको पनि विकास हुँदैन । तसर्थ कुनै क्षमतावान् महिला छन् भने हौसला दिएर पाटीले निरन्तरता दिएर अवसर दिनुपर्छ । समावेशी गर्नुपर्छ भन्नेहरु नै व्यवहारमा लागु गरिराखेको हुँदैन । उपाध्यक्ष भएर मैले भोगेको विभेद अरुले भोग्नु नपरोस् र आफनै दललाई पन त्यो भन्न चाहन्छु ।

लक्ष्मी तामाङ
महिला सदस्य, मेचीनगर नगरपालिका (झापा)

## क) पारिवारिक पृष्ठभुमि

लक्ष्मी तमाङको जन्म २०३५ सालमा सलार्ही जिल्लाको हजरीया गाउँको एक सामान्य परिवारमा भएको थियो । उनको गाउँमा छोरीहरुलाई पढाउने चलन थिएन । उनी अहिले सामान्य लेखपढ मात्रै जानेकी छिन् । उनको आमा बुवा सामान्य खेती किसानी गर्नुहुन्थ्यो । उनीहरु ६ जना दिदी बहिनी र ३ जना दाजुभाईको ठुलो परिवार थियो । उनी सबै भन्दा कान्छी छोरी हुन् । उनको दिदीको विहे काँकरभिट्टामा भएको थियो । लक्ष्मी तामाङ पनि आफनो दिदी भिनाजुसँग काँकरभिट्ट नै बस्न आइन् । काँकरभिट्टा बस्दा बस्दै यही उनको एक सामान्य परिवारमा प्रेम विहे भयो । उनको बुढा गाडीहरु टिकट बुक गर्ने काम गर्दथे ।

बिहेपछि उनको दुवै छोरीहरु भानु टोलमा जन्मे । उनको सानो छोरी ७ महिनाको हुँदा नै उनले काखीमा बच्चा च्याप्दै जिवीकोपार्जको लागि सुँगुँर पालन गर्न थालिन् । उनले यही बजारको बाटोमा

टाउकोमा सुँगुँरको चारो बोकेर ल्याउने गरेरको झलझली सम्झन्छिन् ।पछि उनले सुँगुँर पालन गर्न छोडेर घरमै सानो घुम्ती राखेर चटपटी बेच्न थालिन् । यस पेशामा पनि राम्रो आम्दनी नभएपछि उनले घरमै रक्सी जाँडहरु बनाएर बेच्न थालिन् । यसरी उनले आर्थिक उपार्जनको लागि धेरै संघर्ष गर्दै जीविकोपार्जन गरिरहिन् ।उनले जीविकोपार्जनको लागि अथक संघर्ष गरेपनि कसैले अन्याय गरेको हेर्न नसक्ने उनको स्वभाव थियो । अन्याय विरुद्ध आवाज उठाउन पछि पर्दैन्थे । यसै स्वभावले गर्दा उनलाई तामाङ समुदायमो घेदुङ संघमा सदस्य बन्ने अवसर मिल्यो । घेदुङ समुदायको संगठनमा काम गरेपछि उनलाई जनजाति महासंघमा महिला सदस्यमा बसेर काम गर्ने अवसर मिल्यो । विभिन्न संघ संस्थामा बसेर काम गर्दा उनको नेतृत्व विकास भएको थियो ।

## ख) राजनीतिक यात्रा

उनी शुरुमा राजनीति बुझ्दैन्थे । उनलाई राजनीति गर्ने सोच पनि थिएन । तर समाजमा कसैले कसैलाई होच्याउने र थिचोमिचो गरेको हेर्न नसक्ने र बोल्ने गर्दथे । यस्तै अन्यायमा परेकोलाई न्याय दिलाउन मदत गर्दथे । यस्तै सानो सानो काम गदै गर्दा संस्थामा एउटा सानो पदमा पनि काम गर्ने अवसर मिल्यो त्यसपश्चात उनी राजनीतिमा आईन् । उनी सानै देखि कम्युनिष्ट पृष्ठभुमिमै हुर्के बढेकोले उनी पनि आफुलाई कम्युनिष्ठ ठान्छिन् । उनको माइतीमा सबै जना संयुक्त जनमोर्चामा पार्टीसँग आबद्ध छन् । उनका बुढा पहिलेदेखि नेकपा एमालेमा आबद्ध हुनुहुन्थ्यो । उनी पनि २०५० सालदेखि नै नेकपा एमालेमा सक्रिय ढंगले लागीन । यहाँको प्रहरी सामुदायिक सेवा केन्द्रमा कोषाध्यक्ष पदमा बसेर काम गरिन् । महिला लगायत सिमान्तकृत समुदायको मुद्दामा हिडेकोले पार्टीले उनलाई काम गर्ने अवसर दिइयो । जनप्रतिनिधि भएर काम गरिसके पनि अहिले उनी घेदुङ संघको वार्डको महिला अध्यक्ष हो । त्यस्तै मखमली सहकारीमा पनि महिला विभागको सदस्य हुन् । अहिले उनले आफै नयाँ संस्था खोलेर काली खोलाको कसरी विकास र धार्मिक तथा प्रयटन प्रवर्धन गर्नको लागि काम गर्दैछिन् । उनी जनप्रतिनिधि पश्चात पनि सामाजिक तथा संस्थागत काममा सक्रिय छिन् । उनलाई सधै नै घरबाट सबैको साथ र सहयोग मिलेको बताउँछिन् ।

## ग) चुनाव लड्दाको अनुभव

चुनाव जित्नको लागि मेचीनगरको १५ वटा वडामध्ये उनकै वडामा खर्च भएको थियो । उनको बुढाले उनलाई जिताउनको लागि आफनै रहरले चुनावमा बढी खर्च गरेको तर्क उनी गर्छिन् । काँकरभिट्टा एउटा जनघनत्व भएको ठाउँ हो, बजार क्षेत्र र बढी साथीभाईहरु भएकोले बढी खर्च भएको हो कि जस्तो लाग्छ उनलाई । तर चुनाबमा बढी खर्चिलो भएको छ यसले आगामी दिनमा आर्थिक पाटो कमजोर भएकाहरुको लागि जनप्रतिनिधि बन्छु भने सोच्न गाह्रो हुने बताउँछिन् ।

## घ) वडा सदस्य हुँदाको चुनौति

उनी वाडा सदस्यसँगसँगै कार्यपालिकाको सदस्य पनि थिइन् । उनको बुझाई अनुसार राज्यले वडा सदस्यको लागि दिएको अधिकार उनले उपयोग गर्न पाइनन् । यसो नहुनुमा उनले कसैको सहयोग नपाएको महसुस हुन्छ उनलाई । चुनाव  जितेर गइसकेपछि उनलाई जनजाति महिला भनेर कार्यपालिकाको सदस्य पनि बनाईयो । तथापी उनले राज्यले दिएको अधिकारहरु प्राप्त गर्न सहज छैन जस्तो महसुस गरिन् । पाटीको र अन्य जनप्रतिनिधिहरुको सहयोग वेगर राज्यले दिएको अधिकार सुनिश्चित गर्न नसकिने अनुभव उनको छ ।
जनप्रतिनिधि भएपछि अत्यन्त संवेदनशील भएर काम गर्नु पर्दो रहेछ । उनले जनजातिको नाममा टिकट पाएर जिते पनि काम गर्ने वेलामा उनले कहिले पनि पाटी र जात पनि हेरिनन् । आवश्यकता अनुसार सबैको लागि काम गरिन् र अन्यायमा परेकोलाई साथ दिएको जस्तो महसुस उनलाई हुन्छ।जनजातिमा सबै भन्दा पिछिडिएको, अपहेलित, जात तामांङ जाति हो । जनप्रनिनिधि भएपनि उनलाई धेरै चुनौति भोग्नु पर्यो । उनी समाजमा केही परिवर्तन गर्न चाहन्थि तर पुरा गर्न नसकेको दुःखेसो उनले पोखिन् ।

## ङ)  वडा सदस्य हुँदाको योगदान

पहिलो वर्षमा उनलाई बजेट बनाउने बारे केही पनि जानकारी थिएन ।  दोस्रो वर्ष पनि उनले सोचे जस्तो काम गर्न सकिन् । तेस्रो वर्ष निरन्तरको प्रयासले बजेट बनाउने वेलामा महिलाको लागि बजेट छुट्ट्याउन सफल भईन्। उक्त बजेटलाई उनले जनजाति समुदायको लागि वडा न ६मा (जनजाति समुदायको जनघनत्व) छ, उनीहरुको विकासको लागि ३ लाख बजेट छुट्टयाए । उनको क्षेत्रको खाल्डा खुल्डी बाटोलाई मर्मतमा खर्चिन। सबैले आफनै क्षेत्रमा बजेट लगेको पनि गुनासो गरे तर उनी त्यसमा अडिग रहेर काम गरिरहिन् । यस भोगाईबाट उनलाई थाहा भयो कि अधिकार आफैले खोजेर लिनुपर्ने रहेछ । अधिकार पाएको पनि प्रक्रिया जानिनन् भने पाएको अधिकार पनि गुम्दो रहेछ भन्ने कुरा थाहा पाईन् । जुन उनको लागि महत्वपुर्ण बुझाई थियो । यसरी उनले जनजाति समुदायको लागि गरेको कामले उनलाई गर्व महसुस हुने गरेको सुनाउँछिन् ।

त्यस्तै उनले यसै वडामा वर्खामा बजारभरीको पानी आउथे र स्कुल जान बालबालिकाहरुलाई अप्ठयारो हुन्थ्यो । त्यस नालामा ढेपु हाल्ने काम उनको नेतृत्वमा भएको थियो ।  जनप्रतिनिधिहरुले एउटा योजना बनाउने जुन अधिकार दिएको छ त्यसै अन्तर्गत साकेलाथानको ट्रष्टको पुल बनाउनको लागि १५ लाखमा बजेट छुट्याउन सफल भइन् । उनले कालीखोलाको पुलको बाँधको बाटोमा फोहर मैला फयाल्ने र दुव्र्यशनीहरु बस्ने ठाउँ बनेको थियो, त्यसको लागि नगरपालिकामा रात दिन धाएर उनले अग्रजहरुसँग छलफल गरेर बोर्डमा प्रस्ताव राखेर २० लाखको बजेट ल्याएर काम गर्न गरिन् ।

यसरी उनी निरन्तर संघर्ष गरेर वडा सदस्य भएर योगदान दिएकी थिईन् । महिला र सिमान्तकृत महिलाको प्रतिनिधित्वको पहल ः पिछडिएको समुदायलाई घरबाट शुरुवात गर्नुपर्छ । जस्तै संघ संस्थाहरुहरुले पहुँचको आधारमा तालिम दिने गरेको छ । तर कुनै व्यक्ति मात्रै सक्षम भएर समाजको विकास हुँदैन । कम्तिमा पनि समाजको महिलाहरुलाई पनि अवसर दिनुपर्छ । पिछिडिएको क्षेत्रको महिलालाई अवसर दिनुपर्छ ।  राज्यले व्यवस्था गरेकोमा दलले सही सदउपयोग गर्नुपर्छ । पिछडिएको महिलाहरुलाई तालिम दिने सशक्त बनाउने र नसक्नेलाई तान्नुपर्छ ।

## ११) विश्लेषण र निष्कर्ष

स्थानीय तहको नेतृत्व तहमा महिला जनप्रतिनिधिहरुको उपस्थितिले महिलालाई राजनैतिक रुपले सशक्त बनाउने आधार खडा गरेको छ । स्थानीय तहमा महिला प्रतिनिधित्वको लागि बनेका बाध्यकारी व्यवस्था साकारात्मक पक्ष हो । यसले महिला प्रतिनिधित्वको लागि धेरै साकारात्मक परिवर्तन ल्याउन सफल भएका छन् । तर यी सफलता प्राप्त गर्न उपमेयर र उपाध्यक्ष महिलाहरुले धेरै समस्या, जटिलता र चुनौतिहरु खेप्नु परेको छ ।  २०७४ सालको स्थानीय तहको संरचना र व्यवस्था नितान्त नयाँ थियो । देश संघीय संरचनामा गइसकेपछिको पहिलो चुनाव थियो, जसले गर्दा स्थानीय तहको जनप्रतिनिधिहरु खास गरेर उपमेयर र उपाध्यक्षको काम कतव्र्य र अधिकारबारे त्यति धेरै जानकारी थिएन । चुनाब जितेर आइसकेपछि लामो समय ती व्यवस्थाबारे बुझ्न नै लाग्यो । कतिपय अधिकारहरु कानुनी भाषामा भएकोले कानुनी सहायताको आवश्यकता पनि खड्को थियो । विशेष गरेर न्यायिक समितिको कार्य सम्पादनमा उपमेयर र उपाध्यक्षहरुलाई शुरुवाती समयमा चुनौतिपुर्ण रहेको देखिन्छ ।

विस्तारे कानुनी सहायता तथा आफनै अग्रसरतामा संयोजन गरेको देखिन्छ ।  पालिका तहको नेतृत्वमा अधिकांश ठाउँमा पुरुषहरु नै रहेकाले उनीहरुसँग निरन्तर संघर्ष गर्नुपरेको अनुभव महिला उपमेयर र उपाध्यक्षहरुको रहेको छ । विशेष गरेर निती निमार्ण तथा कार्यक्रम बनाउने वेलामा मेयरहरुले नै वचस्र्व कायम गर्ने गरेको र त्यसको लागि संघर्ष गर्नुपरेको तितो अनुभव पनि उपाध्यक्ष र उपमेयरहरुको रहेको छ । त्यस्तै बजेट बनाउने, विकास योजना र कर्मचारी भर्नामा पनि मेयरहरु एकलौटी निर्णय गरेर जान खोजेको र त्यसको लागि निरन्तर आवाज उठाउनु सकसपुर्ण अवस्थाहरु पनि सिर्जना हुन पुगेको देखिन्छ । स्थानीय तहमा दलित तथा सिमान्तकृत महिलाको प्रतिनिधित्व बढेको छ, यसले समावेशीकरणको मुल मर्मलाई अंगिकार गरेको छ । परिणामतः दलित सिमान्तकृत महिलाको राजनीतिक सशक्तिकरण हुन पुगेको छ तर उम्मेदवारी छनौट र विकास निमार्णको काममा उनीहरुले अझै पनि विभेद भोग्ने गरेको छ ।

स्थानीय तहमा महिला प्रतिनिधित्व बढ्नु साकारात्मक पक्ष हुन् । तर आर्थिकरुपले सशक्त महिलाले मात्रै चुनाब जित्न सक्ने अवस्था रहेको छ । हाम्रो समाजमा अधिकांश महिलाहरुको जग्गा जमिन आफ्नो नाममा हुँदैन । उनीहरु आर्थिरुपले आफनो श्रीमान् र घर परिवारमाथि निर्भर रहेको अवस्था छ, महिलाहरुको आर्थिक परनिर्भरता हुनु राजनीतिक सशक्तिरण र प्रतिनिधित्वको लागि ठुलो बाधक हो । अझै पछिल्लो समयमा चुनाब झन् बढी खर्चिलो बन्दै गएकोले दलित तथा सिमान्तकृत महिलाको लागि चुनाब जित्नु दिवा स्वप्न जस्तै हुन थालेको छ । स्थानीय तहको महिला जनप्रतिनिधिहरुले धेरै चुनौतिहरु भोगेका छन् तथापि उनीहरुले चुनौतिलाई सामना गदै धेरै नै योगदान दिन सफल भएको छ । उनीहरुको संघर्ष र योगदान कुनै पुरुष नेता भन्दा कम छैन । उनीहरु दिनदिनै सशक्त हुँदै गएको दखिन्छ । तसर्थ स्थानीय तहलाई अर्थपुर्ण प्रतिनिधित्व बनाउन महिला मैत्री कानुन र वातावरण बनाउन आवश्यक देखिन्छ ।

## यस अध्ययनको लागि बनाइएको प्रश्नावलीहरु

- व्यक्तिगत एवं पारिबारिक पृष्ठभुमि बारे ।(जसमा जन्म, परिवार, शिक्षा दिक्षा, आर्थिक अवस्था, राजनैतिक पृष्ठभुमि, विवाहअघि र पछिको पारिवारिक पक्ष)
- राजनीतिमा आवद्धता एवं खेप्नु परेको अवरोध बारे ।

- संविधान, ऐन, कानुन, नियमबारेको जानकारी (समावेशीबारेका प्रावधानहरु, स्थानीय सरकारसँग सम्बन्धित अन्य कानुनी ब्यवस्थाबारे) ।
- राजनीतिमा आर्थिक स्रोतको जोहो कसरी गरिन्छ ? गरियो ?
- उपमेयर भएपछि परिवार, समाज र राज्यका विभिन्न तहमा महशुस गरेको परिवर्तन । (आफ्नो भोगाईमा केन्द्रित) ।
- उपमेयर पदमा रहदा कस्तो कस्तो चुनौतिहरु आइपर्यो र कसरी सामना गर्नुपर्यो ? (पारिबारिक, सामाजिक र राजनैतिक)
- उपमेयर हुँदाको योगदानलाई कसरी सम्झनु हुन्छ ?
- महिलालाई उपमेयरको पदमा काम गर्न सहजताको लागि कस्तो कस्तो कानुनी तथा नीतिगत सहायता आवश्यकता हुन्छ ?